# कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन

शोधार्थी
आरती नेम्बाङ्
क्याम्पस क्रमाङ्कर शैक्षिक बर्ष : (१९-२०७७-२०७९)
त्रि. वि दर्ता क्रमाङ्क: ९-२-६१३-२-२०१५
चौथौँ सत्रको परीक्षा क्रमाङ्कर वर्ष: ७७२१८००९(२०७७)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली,भाषाशिक्षा विभागअन्तर्गत स्नातकोत्तरतह (एम.एड) चौथोसत्र ने पा.शि (५४४) को प्रयोजनका लागि प्रस्तुत शोधपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी -५, सुनसरी
२०८१/२०२५

# कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन


शोधार्थी

आरती नेम्बाङ्

क्याम्पस क्रमाङ्कर शैक्षिक बर्ष : (१९-२०७७-२०७९)

त्रि.विदर्ता क्रमाङ्क: ९-२-६१३-२-२०१५

चौथौँसत्रको परीक्षा क्रमाङ्कर वर्ष: ७७२१८००९(२०७७)


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली,भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड) चौथो सत्र ने पा.शि (५४४) को प्रयोजनका लागि प्रस्तुत शोध पत्र

<u>शोध पत्र पेसगरे को मिति</u> | <u>शोध पत्र भाइवा भएको मिति</u>

वि.सं. :…………….. | वि.सं.:…………………


जनता बहुमुखी क्याम्पस

शिक्षा शास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

इटहरी, सुनसरी


२०८१/२०२५

## स्वयम्घोषणा

म शोधार्थी आरती नेम्बाङ्यो घोषणा गर्दछु। प्रस्तुत शोध पत्र मेरो मौलिक अनुसन्धान हो। शोध पत्रको कुनै अंश समेत मैले कहीँकतैबाटहु-बहु नक्कल गरेको छैन। आवश्यकता अनुसार सन्दर्भर स्रोत खुलाई पूर्वकार्य को प्रयोग गरेकी छु। कहीँकतैबाट हुब हुनक्कल गरेको प्रमाणित भएमा त्यसबाट आउने सबैखाले परिणामहरुको सामना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु। यस सम्बन्धमा पछि कहीँकतै र कुनै किसिम को उजुर गर्ने छैन।

शोधार्थी

आरती नेम्बाङ्

# जनता बहुमुखी क्याम्पस

**इटहरी, सुनसरी**

स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय

☎०२५ - ५८१३००
५८००६४

प.सं.

च.नं.

**मिति**


**शोध निर्देशकको सिफारिस–पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तरतहचौथो सत्रकी विद्यार्थी आरतीनेम्बाङ्ले नेपा.शि. (५ ४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्ततत्सम शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकालेजनता बहुमुखी क्याम्पस इटहरीको नेपाली भाषा शिक्षाविभाग समक्ष आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति:२०८०/११/१३

..............................

तीर्थराज भट्टराई

शोध निर्देशक

जनता बहुमुखी क्याम्पस

इटहरी,सुनसरी

नेपाली भाषा शिक्षा विभाग

**कृतज्ञताज्ञापन**

प्रस्तुत **कक्षा सात को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्ततत्सम शब्दहरूको अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमूखी क्याम्यस नेपाली भाषा शिक्षा विभाग अन्तर्गतको स्नातकोत्तर तह चौथो सत्रको ने . पा. शि. ५४४ को प्रयोजनका लागि तयार पारिएको हो।

कुनै पनि कार्य गर्नका लागि एक्लो प्रयास असम्भव हुने भएकाले अनुसन्धान जस्तो जटिल कार्यमा आफ्नो कार्य व्यस्तता भएतापनि शीर्षक चयनदेखि लिएर शोधप्रस्ताव लेखन , शोधपत्र तयार पार्न समेत निरन्तर रूपमा साथ सहयोग एवम् निर्देशन गर्नु हुने शोध निर्देशक तीर्थराज भट्टराई र जनता बहुमूखी क्याम्पसका नेपाली भाषा शिक्षा विभागका प्रमुख मदन राज बरालप्रति हार्दिक कृतज्ञताज्ञापनगर्दछु। त्यसैगरी यस क्याम्पसका नेपाली शिक्षा विभागका सम्पूर्ण गुरूवर्गहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। जनता बहुमूखी क्याम्पसका शिक्षाशास्त्र सङ्काय प्रमूख , क्याम्पस प्रमुख एवम् सम्पूर्ण क्याम्पस परिवारप्रति साथै शोधपत्र तयार पार्नका लागि आवश्यक पर्ने सामग्री उपलब्ध गराई सहयोग गर्नु हुने पुस्तकालय परिवारप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु। त्यसैगरी मलाई यस शोधपत्र लेखनका लागि पारिवारिक वातावरण सहज पुर्याई दिनु हुने बुबा वीरबहादुर नेम्बाङ, आमा चन्द्रकुमारी जवेगु र श्रीमान अमिष आङ्देम्बेलाईधन्यवाद ज्ञापन गर्दछु। त्यसैगरी मलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा साथ सहयोग गर्नुहुने आत्मीय मित्र र अन्य सम्पूर्ण सहयोगी महानुभावहरू प्रति हार्दिक कृत्तज्ञता ज्ञापन गर्दछु। यस शोधपत्रको भाषा सम्पादन तथा यसलाई मूर्त रूप दिलाउनका लागि आवश्यक सहयोग गर्नुहुने ईशा स्टेशनरीका प्राविधिक श्री दीपक खनालप्रति नतमस्तक छु। अन्त्यमा यो शोधपत्र मूल्याङ्कनका लागि जनता बहुमूखी क्याम्पस शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभागमा पेश गर्दछु।

मिति:२०८०/११/११

शोधार्थी

एम.एड चौथो सत्र

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

## शोधसार


प्रस्तुत कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको शिक्षाशास्त्र सङ्कायको कोड नं. ५४४ को २०० पुर्णाङ्कको परिपूर्तिको प्रयोजनका निम्ति तयार पारिएको छ । यस शोधपत्रमा ५० पृष्ठ सङ्ख्या रहेका छन् । प्रस्तुत शोधपत्रमा कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययन शीर्षकमा केन्द्रित रहेको छ । यस शोधपत्रको समस्या अन्तर्गत शब्दवर्गका आधारमा तत्सम शब्दहरू के कस्ता रहेका छन् ? कथामा तत्सम शब्दहरूको बनोट प्रक्रिया कस्तो छ? कथामा तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ ? भने यिनै समस्याहरूलाई समाधान गर्नका लागि उद्देश्यहरू राखिएका छन् जसअन्तर्गत कक्षा सातको नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु, कथाका तत्सम शब्दहरूको शब्दवर्ग पत्ता लगाउ नु, कथाका तत्सम शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउनु, कथामा तत्सम शब्दहरूको आवृत्ति अवस्था पत्ता लगाउनु रहेका छन् ।

उक्त उद्देश्यहरूलाई पूरा गर्नका निम्ति देवीमाया नेम्बाङ्, उमिता पौडेल, राधिका बराल, सम्झना चौधरी, पूर्णकुमारी डाँगी , शान्ता दाहाल , गरी६ जनाको पूर्वकार्यको समीक्षा गरीएको छ। प्राथमिक र द्वितीयक स्रोतको आधारमा तत्सम शब्दहरूकोवर्ग , बनोट, प्रक्रिया, आवृत्ति, अर्थ र पृष्ठ संख्या छुट्याइएको छ । अध्ययनको क्रममा शोधकार्य लाई पाँच अध्याय ( पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौं ) विभाजन गरीएको छ । कार्यका आधारमा शब्द को वर्गीकरण (नाम , सर्वनाम, विशेषण, क्रियापद, विस्मयादिबोधक, निपात) गरीविश्लेषण गरीएको छ। त्यसैगरी स्रोतको आधारमा शब्दलाई मौलिक शब्द र आगन्तुक शब्द गरी छुट्याइएको छ।

यस शोधकार्यको अनुसन्धान गर्ने क्रममा प्राथमिक र द्वितीयक स्रोतको प्रयोगद्वारा सामग्री सङ्कलन गरीएको छ। यस विषयसँग सम्बन्धित विषय शिक्षकहरूको सल्लाह सुझावलाई समेत आधार मानेर तयार पारिएको छ। प्रस्तुत शोधपत्रका निम्ति कथाविधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनसँग

सम्बन्धित प्रकाशित अप्रकाशित शोधपत्र, पाठ्यपुस्तक, शब्दकोश,शिक्षक सुझाव तथा निर्देशन र इन्टरनेट समेत प्रयोग गरीएको छ। यस अध्ययनलाई निश्चित सीमामा सीमाङ्कन गरी प्रस्तुत गरीएको छ। अध्याय एकमा शोध परिचय, अध्ययनको समस्या कथन,अध्ययनको उद्देश्य, अध्ययनको औचित्य तथा महत्व, अध्ययनको परिसीमा, पारिभाषिक शब्द, अध्ययनको रूपरेखा रहेको छ। अध्याय दुईमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता, अध्ययनको सैद्धान्तिक संरचना, स्रोतका आधारमा शब्दको वर्गीकरण, कार्यको आधारमा शब्द वर्गीकरण , बनोट/व्युत्पत्तिको आधारमा शब्दको वर्गीकरण रहेका छन्। अध्याय तीनमा अध्ययनको संरचना, जनसङ्ख्या र नमुना छनोट प्रक्रिया , तथ्याङ्क सङ्कलनको स्रोत, तथ्याङ्क सङ्कलनको प्रक्रिया, तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया रहेका छन् ।अध्याय चारमा व्याख्या र विश्लेषण गरी अध्याय पाँचमा निष्कर्ष , उपयोगिता र सुझावहरू प्रस्तुत गरी यो शोधपत्र तयार गरीएको छ।

शोधपत्रको सुरुमा भाषा, शब्द, शब्द वर्गीकरण, बनोट प्रक्रिया, अर्थ र पृष्ठ सङ्ख्या आदिलाई प्रस्तुत गरीएको छ । संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरि नेपाली भाषा मा प्रयोग भएका शब्दहरूलाई तत्सम शब्द भनिन्छ। शब्द लाई शब्द, वर्ग र बनोट प्रक्रियाको आधारमा वर्गीकरण गरीएको छ । तत्सम शब्दको अर्थ स्पष्ट पारिएकोशब्दहरूलाई शब्दवर्ग , बनोट प्रक्रिया, अर्थ र पृष्ठ सङ्ख्या समेत उल्लेख गर्दै वर्णानुक्रममा राखिएको छ ।कुन पाठमा जम्मा कति शब्द रहेकोत्यस मध्ये कति तत्सम शब्द रहेको ?तत्सम शब्दको प्रयोगको प्रतिशत कति रहेको र कुन पाठमा कुन कुन तत्सम शब्दहरू कति पटक आवृति भएको छ भन्ने कुरा तालिका सहित प्रस्ट गरीएको छ ।तत्सम शब्दहरूको वर्ग, अन्तराल, नाम, विशेषण र क्रिया आदिको आधारमा छुट्याइएकोतत्सम शब्दहरूको व्युत्पादन हुने शब्दहरूको व्युत्पत्ति प्रक्रिया देखाइएको छर नहुने मूल शब्दलाई जस्ताको त्यस्तै राखिएको छ । शब्द प्रयोगको दृष्टिले सबैभन्दा बढी शब्दको प्रयोग "स्थायी बास" (१३७६) कथामा रहेको र सबैभन्दा कम शब्दको प्रयोग "परिकल्पना" (७९३) कथामा रहेको छ ।तत्सम शब्दको प्रयोगका दृष्टिले सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा "स्थायी बास" (१६५) रहेको र सबैभन्दा थोरै तत्सम शब्दको प्रयोग भएको कथा "तितो बोली सच्चा गुण"(५२) रहेको छ ।प्रतिशतको हिसाबले सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा "परिकल्पना"१४.२४ प्रतिशत रहेको र सबैभन्दा कम तत्सम शब्दको प्रयोग भएको कथा "तितो बोली सच्चा गुण"५.५९ प्रतिशत रहेकोछ ।

समग्र अध्ययनका आधारमा संस्कृतबाट रूप नफेरिकन जस्ताको तस्तै नेपाली भाषामा प्रयोग हुन आएका तत्सम शब्दहरू सबै कथामा शब्दको प्रयोग समय , स्तर र परिवेश अनुसार उचित रहेको पाइन्छ।

## विषय सूची

**शीर्षक** **पृष्ठ संख्या**

### अध्यायएक

### शोधपरिचय

शोधपरिचय १

समस्या कथन २

अध्ययनको उद्देश्य २

अध्ययनको औचित्य तथा महत्व २

अध्ययनको परिसीमा ३

पारिभाषिक शब्द ३

अध्ययनको रूपरेखा ३

### अध्याय दुई

### पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

पूर्वकार्यको समीक्षा ५

पूर्वकार्यको उपयोगिता ८

अध्ययनको सैद्धान्तिक संरचना ९

स्रोतका आधारमा शब्दको वर्गीकरण ९

कार्यका  आधारमा शब्दको वर्गीकरण १०

बनोट/व्युत्पतिका आधारमा शब्दको वर्गीकरण १७

अवधारणात्मक ढाँचा १९

### अध्याय तीन

### अध्ययनको विधि र प्रक्रिया

अध्ययनको संरचना  २०

तथ्याङ्क सङ्कलनका स्रोत २०

तथ्याङ्क सङ्कलनका प्रक्रिया २०

तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया २०

**अध्याय चार**

**व्याख्या र विश्लेषण**

कक्षा सातको नेपाली पाठ्यपुस्तकमा विधाहरूको छनोटको अवस्था  २२

तितो बोली सञ्चा गुण कथामा प्रयुक्त तत्सम शब्दहरू २३

परिकल्पना कथामा प्रयुक्त तत्सम शब्दहरू २६

अबोध कथामा प्रयुक्त तत्सम शब्दहरू ३४

स्थायी बास कथामा प्रयुक्त तत्सम शब्दहरू ३६

छलफल / व्याख्या ४४

**अध्याय पाँच**

**निष्कर्ष, उपयोगिता र सुझाव**

निष्कर्ष ४७

उपयोगिता  ४८

सुझाव ४८

भावी अनुसन्धानका लागि शीर्षकहरू  ४९

सन्दर्भसूची ५०

## तालिकासूची


| | |
|---|---|
| तालिका १ | कक्षा सातको पाठ्यपुस्तकमा विधा छनोटको अवस्था २२ |
| तालिका २ | *तितो बोली सञ्चा गुण* कथामा प्रयुक्त तत्सम शब्दहरु २४ |
| तालिका ३ | आवृत्ति भएका शब्दहरू २६ |
| तालिका ४ | *परिकल्पना* कथामा प्रयुक्त तत्सम शब्दहरू २७ |
| तालिका ५ | आवृत्ति भएका शब्दहरू ३२ |
| तालिका ६ | *अबोध* कथामा प्रयुक्त तत्सम शब्दहरू ३३ |
| तालिका ७ | आवृत्ति भएका शब्दहरू ३५ |
| तालिका ८ | *स्थायी बास* कथामा प्रयुक्त तत्सम शब्दहरू ३७ |
| तालिका ९ | आवृत्ति भएका शब्दहरू ४४ |

## चित्र सूची

**शिर्षक** **पेज सङ्ख्या**

चित्र सङ्ख्या अवधारणात्मक ढाँचा १९

## संक्षिप्त रूप

| | |
|---|---|
| इ.सं. | - इस्वी सम्वत् |
| कि. वि | - क्रियाविशेषण |
| क्र.स | - क्रम सङ्ख्या |
| डा. | - डाक्टर |
| त्रि.वि | - त्रिभुवन विश्वविद्यालय |
| वि. प्र | - विभागीय प्रमुख |
| वि.स | - विक्रम सम्वत् |

## व्यक्तिवृक्त

**नाम :** आरतीनेम्बाङ्

**जन्म मिति :**२०५४/०९/१९

**जन्म स्थान :** फाल्गुनन्द गाउँपालिका-७, पाँचथर

**मातापिता :** वीरबहादुर नेम्बाङ् / चन्द्रकुमारी जवेगु

**राष्ट्रियता :** नेपाली

**नागरीकता :** नेपाली

**भाषिक ज्ञान :** नेपाली र अङ्ग्रेजी

**स्थायी ठेगाना** :दमक-८, झापा

**सम्पर्क ठेगाना :**इटहरी-५, सुनसरी

**सम्पर्क नं.** : ९८४५३८१९७१

**इमेल :**nembangaarati339@gmail.com

**शैक्षिक योग्यता**

| **साल** | **तह** | **सङ्काय** | **संस्था** | **श्रेणी** |
|---|---|---|---|---|
| २०६९ | प्रवेशिका | शिक्षा | एस.एल.सी बोर्ड अफ नेपाल | द्वितीय |
| २०७१ | +२ | शिक्षा | उ.मा.शि.प.बोर्ड नेपाल | द्वितीय |
| २०७५ | स्नातक | शिक्षा | त्रिभुवन विश्वविद्यालय,नेपाल | द्वितीय |

**तालिम**

आधारभूत कम्प्युटर

©२०८१
आरतीनेम्बाङ्
सबै अधिकार सुरक्षित

## अध्याय एक : शोध परिचय

### पृष्ठभूमि

भाषा मानवीय सञ्चारको प्रणाली हो। संस्कृत भाषाको भाव धातुमा 'आ' प्रत्यय लागेर बनेको 'भाषा' शब्दले बोली भन्ने अर्थ र आधार धातु 'भाष' ले बोल्नु, प्रकट गर्ने वा भन्नु भन्ने अर्थ दिन्छ। भाषा आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो। साङ्केतिक विचारविनिमयका माध्यमहरू र पशुपक्षीहरूले प्रयोग गर्ने ध्वनि वा आवाजलाई भाषा वैज्ञानिक सन्दर्भमा भाषा भनिँदैन , खासगरी स्वर र व्यञ्जन जस्ता ध्वनिहरू स्पष्ट छुट्याउन सकिने गरी मानवीय उच्चारण अवयवद्वारा उच्चारित आवाजलाई भाषा भनिन्छ। यसरी व्यापक अर्थमा केही कुरा व्यक्त गर्ने सङ्केतलाई भाषा भनिएता पनि भाषा वैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चारित ध्वनि प्रतीकहरूलाई भाषा भन्ने गरिएको छ भूसाल (२०७८: १)।

एक वा एकभन्दा बढी भाषिक रूपहरूको मेलबाट बनेको अर्थयुक्त एकाइलाई शब्द भनिन्छ। शब्द सरल र जटिल संरचनामा अर्थपूर्ण र स्वतन्त्र रूपमा प्रयोग हुन्छ। जस्तै: खुट्टा , कापी, समाज, जाति, घर, आदि लाई स्वतन्त्र रूपमा प्रयोग गर्न सकिन्छ र अर्थ पनि पूर्ण छत्यसैले यी सबै शब्द हुन्। एक वा एकभन्दा बढी अक्षर मिलेर बनेको र स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ (न्यौपाने२०७३: ३)।

भाषा व्यक्तिको अपरिहार्य वस्तु मानिन्छ। भाषा हुनका लागि शब्द आवश्यक हुन्छ। एक वा एकभन्दा बढी अक्षर मिली बनेको स्वतन्त्र रुपमा प्रयोग हुन सक्ने अर्थपूर्ण भाषिक एकाइलाई शब्द भनिन्छ। यो रूप भन्दा ठुलो र पदावली भन्दा सानो अर्थपूर्ण भाषिक एकाइ शब्द हो। नेपाली भाषा भारोपेली भाषा परिवार अन्तर्गत पर्दछत्यसैले यसको शब्द भण्डारमा अन्य भाषाहरू पनि मिसिएर प्रयोग भएको पाइन्छ। नेपाली भाषा संस्कृतबाट प्राकृत , अपभ्रंश हुँदै नेपाली भाषा विकसित भएको हो। त्यही कारणले गर्दा नेपाली भाषामा संस्कृत भाषाको प्रयोग बढी भएको पाइन्छ। नेपाली भाषामा देशभित्र र देश बाहिर बोलिने विभिन्न भाषाहरूको पनि प्रयोग गरिन्छ तर शोध कार्यमा संस्कृत (तत्सम) स्रोतबाट आएका शब्दहरूको अध्ययन गरिएको छ । स्रोतका आधारमा नेपाली मौलिक र आगन्तुक शब्द दुई वर्गमा भेटाउन सकिन्छ। मौलिक मित्र तत्सम , तद्भव शब्द पर्दछन् भने आगन्तुकमा देश र विदेशबाट आएका शब्दहरू पर्दछन्।

यस शोधकार्यद्वारा कक्षा सातको नेपाली पाठ्यपुस्तक को कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको के कति प्रयोग भएको छ भन्ने कुरा जान्नका लागि र अरूलाई जानकारी गराउन सहयोग गरिएको छ। तत्सम शब्दलाई वर्ग , बनोट, प्रक्रिया, आवृत्ति, अर्थ र पृष्ठ संख्या खुलाउने काम एक महत्त्वपूर्ण कार्य रहेको छ। यस अध्ययनको शीर्षक **"कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन"** रहेको छ। यो स्नाकोत्तर चौथो सत्रको शिक्षाशास्त्र सङ्कायको २०० पूर्णाङ्कको परिपूर्तिको प्रयोजनार्थ यो अध्ययन गरिएको छ। यस शोधपत्रको उद्देश्य कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गर्ने उद्देश्यले यो शोधपत्रतयार पारिएको छ।

### समस्या कथन

प्रस्तुत शोधकार्य निम्न लिखित समस्यामा केन्द्रित रहेको छ :

(क) कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा के कस्ता तत्सम शब्दहरू रहेका छन्?

(ख) शब्दवर्गका आधारमा तत्सम शब्दहरू के कस्ता रहेका छन्?

(ग) कथामा तत्सम शब्दहरूको बनोट प्रक्रिया कस्तो छ?

(घ) कथामा तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ।

(क) कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु,

(ख) कथाका तत्सम शब्दहरूको शब्दवर्ग पत्ता लगाउनु,

(ग) कथाका तत्सम शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउनु,

(घ) कथामा तत्सम शब्दहरूको आवृत्तिको अवस्था पत्ता लगाउनु,

**अध्ययनको औचित्य तथा महत्व**

नेपाली भाषाको मूल स्रोत संस्कृत भाषा हो। संस्कृत भाषाबाट थुप्रै शब्दहरु नेपाली भाषामा आएर नै नेपाली भाषा पूर्ण भएको छ। कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको खोजि गर्नु, यस विद्यालयका विद्यार्थीहरुको उमेर,स्तर,रुचि र क्षमतालाई ध्यान दिएर शब्दहरु प्रयोग गरिएको छ छैन भन्ने कुराको पनि अध्ययन गरिने हुँदा यो शोधकार्य औचित्यपूर्ण रहेकोछ।

भाषा विचार विनिमयको सशक्त एवम् महत्वपूर्ण र प्रभावकारी माध्यम हो। भाषाको संरचना शब्दहरुको आडमा मात्र सम्भव भएकाले तत्सम शब्दहरुको महत्व रहेको प्रमाणित हुन्छ। यस तत्सम शब्दको अध्ययनबाट पाठ्यक्रमविद्लाई पाठ्यक्रम निर्माण एवम् परिमार्जन गर्ने , पाठ्यपुस्तक लेखकलाई लेखन कार्यमा प्रभावकारी बनाउन , विधा अनुरूपको शब्दहरुको छनोट गर्ने , विद्यार्थीहरुको स्तर तथा क्षमता अनुरूप शिक्षण सिकाइ क्रियाकलापमा मद्दत गर्ने , शिक्षकद्वारा विद्यार्थीहरुलाई शिक्षण गराउन सजिलो हुनका साथै विद्यार्थीहरुमा पनि शब्द प्रयोग गर्ने क्षमताको विकासको साथै उपयुक्त क्षमता वृद्धि शिक्षण गर्ने सहयोग पुग्दछ। त्यसैले यस अध्ययनको औचित्य अझ बढ्ने देखिन्छ।

भाषामा शब्दहरू सबै ठाउँमा सबै शब्दहरू समान रूपमा प्रयोग भएको हुदैन त्यसैले शब्दहरूको छनोट र स्तरणगर्दा सतर्कता र सचेतता अपनाई शब्दहरू छनोट गर्नुपर्दछ। कथा विद्यामा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययनबाट तत्सम शब्दहरू पहिचान गर्न तत्सम शब्दहरूको वर्ग , बनोट, आवृत्ति र अर्थहरू पहिचान गर्न सक्नुले नै यस शोधकार्यको औचित्य र महत्त्व रहन सक्नेछ ।

**अध्ययनको परिसीमा**

अध्ययन गरिने शोधपत्र नेपाल सरकार शिक्षा मन्त्रालयबाट स्वीकृत कक्षा सातको पाठ्यपुस्तक नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दसँग सम्बन्धित रहनेछ। यस अध्ययनको परिसीमा यसरी प्रस्तुत गरिएको छ :

- यो शोधपत्र कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनमा मात्र सीमित रहेको छ।
- तत्सम शब्दमा नदोहोरिएका शब्दहरूको मात्र अध्ययन गरिएको छ।

- कथा विधाको पाठ बाहेक अभ्यास खण्डलाई यस अध्ययनमा समावेश गरिएको छैन।
- वर्ग, बनोट, अर्थ र आवृत्तिको अवस्थामा सीमित रहेको छ।

**पारिभाषिक शब्द**

कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गर्ने क्रममा त्यस कथामा रहेका पारिभाषिक शब्दहरू यस प्रकार रहेका छन्।

१. तत्सम शब्द

संस्कृतबाट जस्ताको त्यस्तै नेपालीमा आएका शब्द तत्सम शब्द हुन्।

२. तद्भव शब्द

संस्कृत भाषाबाट सोझै वा प्राकृत अपभ्रंश हुँदै रूप परिवर्तन भएर नेपालीमा आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ।

३. आगन्तुक शब्द

मौलिक स्रोतभन्दा बाहिरका भाषाबाट नेपालीमा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ।

**अध्ययनको रूपरेखा**

कुनै पनि कुरालाई वास्तविक रूप दिएर प्रभावकारी बनाउन विभिन्न किसिमका विधि , तौरतरिका र रूपरेखाको आवश्यकता पर्दछ। अध्ययन विधि शोधकार्यको अभिन्न अङ्ग हो। उद्देश्य प्राप्ति अध्ययन विधिको उपयुक्तता र व्यवस्थितततामा भर पर्ने हुनाले यो महत्त्वपूर्ण हुन्छ। प्रस्तुत शोधकार्यमा अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ।

**अध्याय एक :** शोध परिचय

**अध्याय दुई :** पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

**अध्याय तीन** : अध्ययनको विधि र प्रक्रिया

**अध्याय चार** : व्याख्या र विश्लेषण

**अध्याय पाँच** : निष्कर्ष, उपयोगिता र सुझाव

**सन्दर्भकृति सूची**

**वैयक्तिक विवरण**

## अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### पूर्वकार्यको समीक्षा

भाषा पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दहरूको खोज विभिन्न अनुसन्धानहरूमा सम्पन्न भएको पाइएको छ। यस क्रममा भएका पूर्वकार्यहरू निम्नानुसार रहेका छन् ।

नेम्बाङ, (२०७१) द्वारा **कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा अनुसन्धान गरिएको पाइन्छ। उक्त अनुसन्धानका समस्याहरू, कथाको सैद्धान्तिक स्वरूप के कस्तो रहेको छ , स्रोत दृष्टिले शब्दहरूलाई के कसरी वर्गीकरण गर्न सकिन्छ र नेपाली पाठ्यपुस्तकको कथा विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् भन्ने कुरा रहेको छ। उक्त अध्ययनको उद्देश्यहरू कथाको सैद्धान्तिक स्वरूपको अध्ययन गर्नु , स्रोतका आधारमा शब्दहरूको वर्गीकरण गर्नु र नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण गर्नु रहेको छ। उक्त अनुसन्धानमा पुस्तकालय विधि , पाठ्यपुस्तक विधि, छलफल विधि, विश्लेषण विधि, शोध निर्देशन विधि साथै शिक्षकको सल्लाह सुझावको प्रयोग गरिएको छ।

उक्त अध्ययनमा कक्षा दशको नेपाली पाठ्यपुस्तकको तीन ओटै कथामा प्रयोग भएका जम्मा शब्द सङ्ख्या ६२७२ मध्ये अनावृत्त शब्द सङ्ख्या १३५७ को उपस्थिति देखाउँछ भन्ने सम्पूर्ण सङ्ख्यामा नदोहोरिएको सङ्ख्या १९ प्रतिशतभन्दा बढी अर्थात् यो सङ्ख्याले सम्पूर्ण शब्दहरूको एक चौथाइ भाग ओगटेको देखिन्छ।औसतमा ४.५ शब्दको अन्तरालमा शब्द दोहोरिएको पाइएको छ। यसले गर्दा पढाइमा सहज हुने देखिन्छ। यसरी दोहोरिएका शब्द आउनाले विद्यार्थीहरूमा शब्दभण्डारणको दृष्टिले महत्त्वपूर्ण रहेको पाइन्छ। त्यसैले सम्पूर्ण प्रयुक्त शब्द भण्डारको सङ्ख्यामा अनावृत्त शब्द सङ्ख्या वितरण सन्तोषजनक रहेको पाइन्छ (नेम्वाङ, २०७१) ।

पौडेल (२०७१) द्वारा कक्षा **नौका नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त शब्दहरूको अध्ययन** गरिएको छ । उक्त अध्ययनका समस्याहरू कक्षा नौका नेपाली पाठ्यपुस्तकमा के कस्ता तत्सम शब्दहरू रहेका छन्शब्दवर्गका आधारमा तत्सम शब्दहरू कस्ता रहेका छन् ?प्रयोग भएका तत्सम शब्दहरूको बनोट प्रक्रिया र आवृत्तिको अवस्था कस्तो छ भन्ने कुरा समस्याको रूपमा उल्लेख गरेका छन् । यस अध्ययनको उद्देश्य कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु, उक्त तत्सम शब्दहरूको शब्दवर्ग , बनोट, प्रक्रिया र आवृत्तिको अवस्था पत्ता लगाउनु रहेको छ । यस शोधपत्रमा पुस्तकालय विधि , पाठ्यपुस्तक विधि, निर्देशन विधि को प्रयोग गरिएको छ ।

उक्त शोधपत्रमा सुरुमा भाषा शब्द वर्गीकरण शीर्षक प्रयोग गरिएको छ। संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरी नेपाली भाषामा आएका शब्द तत्सम शब्द भनिन्छ । शब्दलाई स्रोतका आधारमा मौलिक र आगन्तुक गरी वर्गीकरण गरिएको छ । मौलिक शब्दभित्र तत्सम र तद्भव शब्द पर्दछ। तत्सम शब्दको शब्द, वर्ग, बनोट प्रक्रिया, आवृत्ति, पाठ र पृष्ठ सङ्ख्या जस्ता उल्लेखगरेका छन् ।कुन पाठमा जम्मा शब्द कति रहेको यसमा पनि तत्सम शब्द कति रहेको , तत्सम शब्द प्रयोग स्थिति कति रहेको , त्यस तत्सम शब्दको आवृत्ति कति रहेको भन्ने कुराको तालिका सहित पुष्टि गरिएको छ। कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा जम्मा चार ओटा कथा रहेको छ । जम्मा कथामा ५००० शब्द रहेको र जसमा तत्सम शब्द ६६३ ओटा रहेको छ। चार ओटा कथाको अध्ययनबाट सबै भन्दा बढी

तत्सम शब्द बन्धनबाट मुक्ति कथामा पाईयो भने सबै भन्दा कम अनारको बोट कथामा रहेको निष्कर्ष प्रस्तुत रहेका छन्।

भट्टराई (२०६६) द्वारा **कक्षा पाँचको पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शोधपत्र सम्पन्न गरेका हुन्। उक्त शोधपत्रमा मुख्य समस्याका रूपमा कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दहरू कति रहेका छन्तत्सम शब्दहरूको निर्माण प्रक्रिया शब्दवर्गमा आधारमा तिनीहरू के कस्ता छन् ।तिनीहरूको अर्थको निचोड कसरी गर्न सकिन्छ भन्ने विषयलाई समस्याको रूपमा प्रस्तुत गरेका छन्। यिनै समस्यालाई समाधान गर्ने पक्षलाई उद्देश्य बनाएका हुन्। यो शोधपत्र पुस्तकालय विधि, पाठ्यपुस्तक विधि द्वारा सम्पन्न गरेका छन्।

कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा तत्सम शब्द उपसर्ग लागेर , शब्द, समास, प्रक्रिया द्वारा बनेको शब्द प्रतिशतमा प्रस्तुत गरिएको छ। यसैका आधारमा कक्षा पाँचको स्तर अनुसार तत्सम शब्दको प्रयोग सन्तोषजनक रहेको पाइन्छ।

दाहाल (२०६७) द्वारा **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**शीर्षकमा शोधपत्र तयार गरेका छन्। उक्त शोधपत्रमा तत्सम शब्द र सङ्ख्या के कस्तो छ , शब्दवर्गका आधारमा तिनको वर्गीकरण के कसरी गर्ने सकिन्छ , तिनीहरूको निर्माण प्रक्रिया र आवृत्तिको अवस्था कस्तो छ , भन्ने समस्या उल्लेख गरेका छन्। यिनै समस्याको समाधान गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ। सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीय क स्रोतको प्रयोग गरिएको छ। शोधपत्रमा कक्षा ११ को नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको निर्माण प्रक्रिया , शब्दवर्गका आधारमा वर्गीकरण , शब्दार्थ, पृष्ठ सङ्ख्या आदि उल्लेख गरेका छन्। यस शोधपत्रमा कक्षा ११ को नेपाली पाठ्यपुस्तकको सबै निबन्धमा जम्मा शब्द सङ्ख्या र त्यसमध्ये तत्सम शब्द सङ्ख्या पनि उल्लेख गरिएको छ।

चौधरी (२०८०) द्वारा **कक्षा ८ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेका छन्। उक्त शोधपत्रमा कक्षा ८ को नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कस्ता, कसरी प्रयोग भएका छन्, तिनको बनोट, शब्दवर्ग र अर्थका आधारमा कस्ता छन् , तिनको आवृत्तिको अवस्था कस्तो छ भन्ने विषयलाई समस्याका रूपमा उल्लेख गरेका छन् र यिनै समस्याको समाधान गर्ने उद्देश्यका रूपमा प्रस्तुत गरेका हुन्। यस शोधपत्र तयार बनाउँदा पुस्तकालय विधि , पाठ्यपुस्तक विधिर निर्देशन विधिद्वारा तयार गरिएको छ।

उक्त अनुसन्धानको सुरुमा भाषा , शब्द, शब्दवर्गीकरण र शीर्षक प्रयोजन आदिलाई प्रस्तुत गरिएको छ। शब्द एक वा एकभन्दा बढी अक्षर मिली बन्दछ। शब्दलाई मौलिक र आगन्तुक गरी दुई किसिममा वर्गीकरण गरिएको छ। तत्सम शब्द मौलिक स्रोत अन्तर्गत पर्ने गर्दछ। संस्कृत भाषाबाट कुनै पनि रूप नफेरिकन नेपाली भाषामा आएका शब्द तत्सम शब्द हुन्। तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको छ। यसमा तत्सम शब्दलाई व्युत्पत्ति, बनोट, प्रक्रिया, अर्थ, आवृत्ति, पाठ र पृष्ठसंख्या समेत उल्लेख गरी आवृत्ति शब्दलाई तालिकामा प्रस्तुत गरिएको छ। पाठ्यपुस्तकमा जम्मा कतिवटा कथा रहेका छन् र ती कथाहरूमा सबैभन्दा बढी तत्सम शब्द कुन कथामा रहेको छ , तत्सम शब्दको प्रयोग स्थिति कति रहेको छ र आवृत्ति सङ्ख्या कति कस्तो रहेको छ भन्ने विषयलाई उल्लेख गरिएको

छ। निर्धारित कथाहरूमध्ये सबैभन्दा बढी तत्सम शब्द 'अमरपुत्र' कथामा र सबैभन्दा कम तत्सम शब्दको प्रयोग 'सागर र सपना ' कथामा रहेको छ। यसरी यस शोधपत्रमा तत्सम शब्दको उत्कृष्ट स्थान छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ।

बराल (२०७४) द्वारा **बि.एड. प्रथम वर्षको ऐच्छिक नेपाली अन्तर्गत कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन** गरेका छन । उक्त अध्ययनका समस्याहरु बि.एड. प्रथम वर्षको ऐच्छिक नेपाली पाठ्यपुस्तक अन्तर्गत कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरु के कस्ता रहेका छन, तिनको बनोट शब्दवर्ग , कस्ता छन , तत्सम शब्दहरुको आवृत्तिको अवस्थ कस्तो रहेको छ भन्ने विषयलाई समस्याका रूपमा उल्लेख गरेका छन र तिनै समस्याका समाधान गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ । यस शोधपत्र सम्पन्न गर्न पुस्तकालयीय विधि , पाठ्यपुस्तक विधि, शिक्षक सुझाव तथा निर्देशन विधि , इन्टरनेटको प्रयोग गरी सामग्री सङ्कलन गरी पूरा गरिएको छ ।

यस शोधपत्रको सुरुमा आजा , शब्दवर्गीकरण, शीर्षक प्रयोजन आदि प्रस्तुत गरेका छन । संस्कृतबाट जस्ताको तस्तै रूप नफेरिकन नेपालीमा आउने शब्द तत्सम हो । शब्दलाई स्रोतका आधारमा वर्गीकरण गरेका छन । स्रोतका आधारमा शब्द मौलिक र आगन्तुक गरी दुई वर्गमा विभाजन गरेका छन र तत्सम शब्द मौलिक शब्द भित्र पर्दछ भने का छन । तत्सम शब्दलाई शब्दवर्ग , व्युत्पति अर्थ , पाठ, आवृत्ति र पृष्ठसङ्ख्यागरी उल्लेख गरेका छन । सबै कथामा जम्मा शब्द त्यस माथि तत्सम शब्द छुट्याएका छन् । तत्सम शब्दको आवृत्ति भएकालाई तालिकामा सहित पुष्टि गरेका छन् । तत्सम शब्दको.बनोट, विशेषण, नाम छुट्याएको भन्ने निष्कर्ष निकालिएको छ।

प्रस्तुत शोधपत्र पूर्व अध्यताहरूबाट तत्सम शब्दहरूको विश्लेषण विषयक्षेत्रको अध्ययन अनुसन्धान भएपछि कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दमा मात्र केन्द्रित रहेर आजसम्म कसैले अनुसन्धान कार्य नगरेको पाइएकाले यो अध्ययन नै यस विषयको प्रारम्भिक अध्ययन रहेको छ ।

**पूर्वकार्यको उपयोगिता**

माध्यमिक तहको कक्षा सातको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ। हालसम्म कसैले पनि कक्षा सातको कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन अनुसन्धान नगरेको हुँदा यो शीर्षकमा अनुसन्धान गर्न आवश्यक रहेको पुष्टि हुन्छ। योभन्दा अगाडि तत्सम शब्दको क्षेत्रमा धेरै अध्ययन अनुसन्धान भइसकेको छ।

यस अध्ययनका लागि देवीमाया नेम्बाङ , शान्ता दाहाल , उमिता पौडेल , राधिका बराल , सम्झना चौधरी र पूर्णकुमारी डाँगी को शोधपत्रलाई प्रयोग गरिएको छ। यसका साथै नेपाली बृहत् शब्दकोश नेपाल प्रज्ञा प्रतिष्ठान , डा. श्याम प्रसाद भट्टराईको ऐतिहासिक भाषा विज्ञान र नेपाली भाषा , डा. केशव भुसालको भाषाविज्ञान , हेमाङ्गराज अधिकारीको समसामयीक नेपाली व्याकरण , शिवराम शर्माको माध्यमिक नेपाली व्याकरण रचना आदि पुस्तकको मान्यता तथा गुरुवर्गहरूको अमूल्य सल्लाह अनुसार अध्ययन सम्पन्न गरिएको छ।

यो अध्ययन गरिसकेपछि शोधकर्ताले कुन-कुन शब्दवर्ग , कुनकुन लिङ्ग प्रक्रिया आदि रहेका छन्, पृथकीकरण गरेर कुन कुन तत्सम शब्दको आवृत्ति स्थिति पनि उल्लेख गर्नेछन्। यस अध्ययनमा कक्षा सातको पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनमा सीमित रहेको छ। यस


शोधपत्रमा तत्सम शब्दहरूलाई वर्ग  , बनोट, अर्थ, आवृत्ति आदि खुलाउने गरी यस शोधपत्र तयार गरिएको हुनाले यो नितान्त मौलिक शोधपत्र हो। यस शोध पत्रका लागि देवीमाया नेम्बाङ, शान्ता दाहाल, उमिता पौडेल, राधिका बराल, सम्झना चौधरी, पूर्णकुमारी डाँगीको शोधबाट वर्ग , बनोट र अर्थ जस्ता विषयमा सहयोग भएकोले उहाँहरूप्रति आभारी छु। साथै यस शोधकार्यलाई सफलतापुर्वक सम्पन्न गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने व्यक्तित्वहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस शोधकार्यबाट कक्षागत रूपमा अध्ययनरत विद्यार्थी , अध्यापनरत शिक्षक र अनुसन्धानकर्तालाई प्रत्यक्ष रूपमा सहयोग पुग्ने विश्वास लिएको छु।

**अध्ययनको सैद्धान्तिक संरचना**

अनुसन्धान गर्नका लागि अहिले पनि द्वितीयक स्रोतलाई अङ्गाल्नु आवश्यक हुन्छ। यसमा अनुसन्धानकर्तालें के कसरी कुन पक्षलाई आत्मसात गरेर अध्ययन गरेको थाहा हुन्छ। त्यही अनुरूप शोधपत्र तयार गर्ने यस पूर्वका अनुसन्धानहरूलाई सूक्ष्म रूपमा अध्ययन गर्नुका साथै त्यसका नियमलाई आत्मसात गरी अध्ययन गरेको छ। यो शोधप्रस्ताव तयार गर्ने क्रममा नेपाली बृहत शब्दकोशको  सहयोग लिइएको छ।

उक्त शोधपत्रमा सैद्धान्तिक अध्ययनका रूपमा शब्दको   वर्गीकरणलाई मुख्य रूपमा प्रस्तुत गरेको छ । स्रोतको आधारमा मौलिक र आगन्तुक गरी दुई प्रकारमा वर्गीकरण गरी यिनीहरूको प्रकारलाई पनि उल्लेख गरेको छ । सैद्धान्तिक अवधारणात्मक ढाँचालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**सैद्धान्तिक अवधारणात्मक ढाँचा**




**शब्दको वर्गीकरण**

**स्रोतका आधारमा शब्दको वर्गीकरण**

[illegible] ठूलो भाषा परिवार [illegible] परिवार अन्तर्गत नेपाली [illegible]
[illegible] म वर्गको आर्यइ [illegible] भाषाबाट प्राकृत अपभ्र [illegible]

भाषाको विकास भएको हो । (भट्टराई २०८०) स्रोत भन्नाले शब्द ग्रहण गर्ने ठाउँ हो । भाषिक विस्तार र वैज्ञानिक उन्नति संगै नेपाली भाषाले पनि विभिन्न स्रोतबाट शब्द ग्रहण गरेको पाइन्छ । स्रोतका आधारमा शब्द दुई किसिमका छन् । मौलिक शब्द र आगन्तुक शब्द हुन् ।

**(क) मौलिक शब्द**

नेपाली भाषाको मूल स्रोत संस्कृत हो । संस्कृतबाट नेपालीमा आएका शब्दलाई मौलिक शब्द भनिन्छ। मौलिक शब्दलाई तत्सम र तद्भव गरी दुई भागमा विभाजन गरिन्छ।

(१) तत्सम शब्द

'तत्' को अर्थ 'त्यो' अर्थात संस्कृत हो भने 'सम' को अर्थ 'बराबर' अर्थात् उस्तै हुन्छ । संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिकन नेपाली भाषामा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । जस्तै: मित्र , पुत्र, दया, सुन्दर आदि।

(२) तद्भव शब्द

'तद्' को अर्थ 'त्यो' र 'भव'को अर्थ 'आएको' भन्ने हुन्छ । संस्कृत भाषाबाट सोझै वा प्राकृत अपभ्रंश हुदै रूप फेरिएर नेपाली भाषामा आएको शब्द तद्भव हो।

जस्तैः अग्नि - अग्गि - आगो

हस्तिन-हाथ्थि-हात्ती

**(ख) आगन्तुक शब्द**

मौलिक स्रोत बाहेक अन्य भाषाबाट नेपालीमा आएका शब्द आगन्तुक हुन् । आगन्तुक शब्द दुई प्रकारका छन् । स्वदेशी र विदेशी हुन् ।

(१) स्वदेशी - देशभित्रको विभिन्न भाषाहरूबाट आएका तथा भाषिकाहरूबाट आएका नेपाली शब्द स्वदेशी शब्द हो । जस्तै : झ्याल, पर्खाल, आँसी, पटुका, खुर्पा आदि ।

(२) विदेशी - नेपालमा बोलिने भाषा बाहेक विदेशी भाषाबाट भित्रिएका शब्द विदेशी शब्द हुन् । जस्तै : झन्डा, किताब, हिसाब, सच्चा, कच्चा, आराम, हप्ता, चकलेट, गमला आदि ।

**कार्यका आधारमा शब्दको वर्गीकरण**

कार्य भनेको व्याकरणात्मक कार्य हो ।

वाक्यमा शब्दले गर्ने कामको आधारमा शब्द वर्गीकरण गर्नुलाई नै कार्यका आधारमा शब्द वर्गीकरण भनिन्छ । यस आधारमा शब्दलाई व्याकरणविद्ले विभिन्न प्रकारमा विभाजन गरेका छन् ।

शब्दहरूको कार्यलाई विचार गर्दा स्थूल रूपमा यिनलाई तीन समूहमा राखेर हेर्न सकिन्छ ।

शब्द → नामवर्ग
→ क्रियावर्ग
→ अव्ययवर्ग

(अ) नाम

मानिस, पशुपक्षी, स्थान, अवस्था अथवा कुनै पदार्थको नाम बताउने शब्द नाम हो । नाम पाँच प्रकारका रहेका छन् ।

**जातिवाचक नाम** - व्यक्ति, वस्तु, स्थान आदिको सामान्य लक्षण वा जाति दर्शाउने नाम जातिवाचक नाम हो। जस्तै: मानिस, गाई, पुस्तक आदि।

**व्यक्तिवाचक नाम** - जुन शब्दले एक व्यक्ति अथवा एक विशेष वस्तुको नाम मात्र बुझाउँछ त्यसलाई व्यक्तिवाचक नाम भनिन्छ। जस्तै: राम, सगरमाथा, नेपाली आदि।

**समुदायवाचक नाम** – धैरै मानिस, पशुपक्षी अथवा वस्तुहरुको समूह समुदाय बुझाउने नामलाई समुदायवाचक नाम भनिन्छ। जस्तै: बथान, सेना, हुल आदि।

**द्रव्यवाचक नाम** - कुनै द्रव्य अर्थात प्रकृति पदार्थ बुझाउने नाम द्रव्यवाचक नाम हो। जस्तै: सुन, चाँदी, फलाम, पानी, माटो आदि।

**भाववाचक नाम** - कुनै पदार्थमा रहने गुण, काम, अवस्था आदि धर्म मात्र बुझाउने नाम भाववाचक नाम हो। जस्तै: दया, इर्ष्या आदि।

**आ) सर्वनाम**

संज्ञाको सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ। जस्तै: म, तँ, तिमी, ऊ, उनी आदि सर्वनाम हुन्। (शर्मा, २०६६) सर्वनामको प्रमुख प्रयोग निम्नानुसार रहेको छ।

**नामको सट्टामा :** रामले राम्ररी पढ्यो। ऊ राम्रो श्रेणीमा उत्तीर्ण भयो।

**नाम पद समूह :** उसले राम्रा पुस्तकहरू किन्यो, ती निकै उपयोगी छन्।

**वाक्यको सट्टामा** : परिश्रमी राम परीक्षामा उत्तीर्ण भयो, यो राम्रो कुरा हो।

सर्वनामको प्रकारलाई पाँच वर्गमा विभाजन गरिएको छ (शर्मा, २०६८)

**१. पुरुषवाचक सर्वनाम**

पुरुष वा स्त्री बुझाउने सर्वनाम शब्द

प्रथम पुरुष वाचक (म, हामी )

पुरुषवाचक सर्वनाम → द्वितीयक पुरुषवाचक (तँ, तिमी, तपाइ)

तृतीय पुरुषवाचक (ऊ, उनी, त्यो, तिनी )

**२. दर्शकवाचक सर्वनाम**

नजिक वा टाढाको व्यक्ति वा वस्तुलाई तोकेर बोलिने सर्वनाम शब्द

→ समीपवाचक (यो, यी, यिनी)

दर्शकवाचक

दूरवाचक (त्यो, ती, उ, तिनी)

**३. सम्बन्धवाचक सर्वनाम**

कुनै नामको सट्टामा आएर त्यसको दुवैतिर सम्बन्ध गराउने दुई वाक्यलाई जोड्ने सर्वनाम

निश्चयावाचक (जो , जे, जुन)

सम्बन्धवाचक

अनिश्चयवाचक (जोसुकै , जेसुकै, जुनसुकै)

**४. प्रश्नवाचक सर्वनाम**

वाक्यमा प्रश्न बुझाउने सर्वनाम, जस्तै: को ? के ? आदि।

**५. निजवाचक सर्वनाम**

कर्ताको निम्ति वाक्यमा प्रयोग गरिने सर्वनाम, जस्तै: आफू ।

**(इ) विशेषण**

नामिक शब्दवर्गको एउटा सदस्य विशेषण हो । यसबाट विशेष्यको गुण वा अवस्थाको बोध हुन्छ त्यसकारण विशेषण भनिन्छ (शर्मा, १९६८) । कुन, कस्तो, कति आदि प्रश्नको जवाफमा आउने शब्द नै विशेषण हो । यसले नामको गुण, दोष जनाउने शब्दको अर्थ दिन्छ। विशेषणले नाम वा नामिक पदको वर्णन गर्छ अथवा नामको अर्थलाई स्पष्ट पार्ने , विस्तार गर्ने, सीमित गर्ने वा विशिष्ट बनाउने काम गर्छ (अधिकारी, २०४९:२५) ।

नामको गुण, दोष, सङ्ख्या आदि विशेषता बुझाउने शब्दलाई विशेषण भनिन्छ। नामसँग गरिने कुन , कस्तो, कति, कत्रो आदि प्रश्नका उत्तरमा विशेषण आउँछ। जस्तै: सानो, अग्लो, बाठो, पिरो, धेरै आदि । विशेषणका प्रकारहरूलाई चार भागमा विभाजन गर्न सकिन्छ:

**१. गुणवाचक विशेषण**

नामको गुण, दोष आदि बुझाउने शब्द । जस्तै: असल मानिस, राम्रो नानी आदि ।

**२. परिमाणवाचक विशेषण**

आफ्नो विशेष्यको यति, उति भन्ने जस्ता परिमाण बुझाउने विशेषण । जस्तै: थोरै, धेरै, यति, उति आदि ।

**३. सङ्ख्यावाचक विशेषण**

नाम र सर्वनामको सङ्ख्या , क्रम तथा आवृत्ति आदिलाई बुझाउने विशेषण। जस्तै: एक, तीन, पहिलो, दोस्रो, हजारौं आदि ।

**४. सार्वनामिक विशेषण**

विशेषणको रूपमा प्रयोग हुने सर्वनाम सार्वनामिक विशेषण हो । जस्तै: यो, त्यो, ऊ, जुन, कस्तो आदि ।

**(ई) क्रियापद**

केही गर्नु, हुनु, इत्यादि क्रिया अथवा संज्ञा वा सर्वनामले गरेको वा गर्ने काम बुझाउने शब्द क्रिया वा क्रियापद हो । वाक्यमा कर्ताले गरेको काम , घटेको घटना अथवा स्थिति बुझाउने शब्द क्रियापद हो । यसले वाक्यमा विध्येयको काम गर्दछ र वाक्यलाई टुङ्ग्याउँछ । जस्तै: रामले भात खायो , सीता विद्यालय गइन्, राम लड्यो आदि । वाक्यमा वाच्य, भाव, काल र पक्ष जनाउने प्रत्ययहरू मूल पदमा गाँसिन्छन् त्यो पद नै क्रिया हो । नेपाली वाक्यमा क्रियापद प्रायः अन्त्यमा आउँछ । (पोखरेल, २०५६:१२६)

क्रियालाई विभिन्न आधारमा छुट्याइन्छ । नेपाली क्रियाहरूलाई निम्नानुसार छुट्याउन सकिन्छ:

समापिका (गयो → , जान्छ आदि )

समापकताको आधारमा

असमापिका (गएर → , जाने, गई आदि )

सहायक →

अर्थप्रधान्यको आधारमा

→

मुख्य

सरल

संरचनाको आधारमा

जटिल

अकर्मक

कर्मकर्ताको आधारमा सकर्मक

जटिल

पूर्ण

पूर्णताको आधारमा अपूर्ण

परकापेशी(शर्मा १९६८ : ४३)

(उ) अविकारी

रूप परिवर्तन नहुने शब्दलाई अव्यय भनिन्छ। वाक्यमा प्रयोग हुँदा लिङ्ग, वचन, पुरुष आदि आधारमा अव्ययको रुपायन हुदैन त्यसैले यसलाई वि कारी उत्पन्न नहुने वा अविकारी पनि भनिन्छ। नाम, सर्वनाम, विशेषण, क्रियापद बाहेकमा सबै शब्दहरु अव्यय हुन। अव्यय पाँच किसिमका छन् जुन यसप्रकार रहेका छन् :

क्रियायोगी : बिस्तारै, राम्ररी, ज्यादै, यहाँ

नामयोगी : मुनि, पछि, बमोजिम

संयोजक : र, तथा, जब, तब

विस्मयादिबोधक : आहा! ओहो!, क्यारे!, एया!

निपात : त, नि, पो, ल

**क्रियायोगी** : क्रियाको बयान गर्ने वा त्यसको प्रकार वा अवस्था बुझाउने शब्द क्रियायोगी हो। किन , कहिले, कहाँ, कसरी, के गरी , कति प्रश्नको उत्तर आउने शब्दलाई क्रियायोगी भनिन्छ। यसलाई क्रियायोगीलाई निम्न प्रकारमा विभाजन गर्न सकिन्छ:

समयवाचक: हिजो, आज, बिहान आदि।

स्थानवाचक: भित्र, बाहिर आदि।

परिमाणवाचक: यति, थोरै, धेरै, अलिकति आदि।

रीतिवाचक: राम्ररी, सुटुक्क आदि।

परिस्थितिवाचक: गरेकोमा, जानुपर्नेमा आदि।

आवृत्तिवाचक: एकपल्ट, दुईचोटी आदि।

कारणवाचक: पढेकोले, आएकोले, गनिएकोले आदि।

क्रियान्तवाचक: हेरी, सुनी, खाई आदि।

**नामयोगी :** छुट्टै रहेमा अर्थ नखुलाउने र अरू कुनै नाम वा नामस्थानिक सर्वनाम , विशेषण आदि शब्दसित विभक्ति जोडिएर जोडिँदा अर्थ स्पष्ट गर्ने अव्ययलाई नामयोगी भनिन्छ। नामयोगीले समय , स्थान, रीति, हेतु, अवधि, दिशा, अभाव आदि अर्थको अभिव्यक्ति पनि गर्दछ। अर्थका आधारमा नामयोगीलाई निम्न प्रकारमा बाँड्न सकिन्छ :

समयवाचक: खेर, अघि, पछि आदि।

स्थानवाचक : यहाँ, त्यहाँ, माथि, तल आदि ।

रीतिवाचक: बिस्तारै, छिटो, राम्ररी, जस्तै आदि ।

हेतुवाचक: किनभने, त्यसकारण, निमित्त आदि ।

अवधिवाचक : सम्म, भरि, लगातार आदि ।

दिशावाचक: दायाँ, बायाँ, अगाडि, पछाडि आदि ।

सहार्थवाचक : सँग, साथ, सित, समेत आदि ।

विनिमयवाचक : बदलामा, सट्टामा, निमित्त आदि

अभाववाचक : बिना, बाहेक, रहित आदि ।

परिमाणवाचक: धेरै, थोरै, अलि, जति आदि ।

**संयोजक**

दुई शब्द वा वाक्यांश अथवा वाक्यलाई जोड्ने अव्यय शब्दलाई संयोजक भनिन्छ (शर्मा , २०६८) । जस्तै: र, तर, कि, अथवा, किनभने आदि। संयोजकलाई मुख्यतया दुई प्रकारमा विभाजन गर्न सकिन्छ:

**(क) सापेक्ष संयोजक:**

मुख्य वाक्यसँग आश्रित वाक्यलाई जोड्ने शब्द । जस्तै:

- समानाधिकरणवाचक: कि, अथवा, र, अनि आदि ।
- कारणात्मक: किनभने, त्यसकारण, आदि ।
- सङ्केतवाचक: यदि, भने, जो, आदि ।

**(ख) निरपेक्ष संयोजक:**

समान पद वा वाक्य अथवा भिन्न दुई वाक्य जोड्ने शब्द । जस्तै:

समुच्चयवाचक: र, अनि, तथा, पनि आदि।

विकल्पवाचक: वा, अथवा, कि आदि ।

विराधवाचक : किन्तु, परन्तु, पर आदि।

परिमाणवाचक : यसर्थ, तसर्थ, निम्नानुसार आदि।

सापेक्ष संयोजकले प्रधान उपवाक्य र आश्रित उपवाक्य जोड्छ भने निरपेक्ष संयोजकले स्वतन्त्र-स्वतन्त्र उपवाक्यलाई जोड्छ।

**विस्मयादिबोधक**

हर्ष, शोक, विस्मय, आश्चर्य, घृणा, निन्दा, प्रश्न आदि बुझाउने अव्यय शब्द। जस्तै: अहा , आहै, बाबै, ओहो, हरे, छिःछिः आदि। (शर्मा, १९६८)

विस्मयादिबोधकलाई निम्न प्रकारमा विभाजन गर्न सकिन्छ:

घृणाबोधक : छिः छिः, छया आदि ।

हर्षबोधक : धन्य, अहा, हिहि आदि ।

दुःखबोधक : बाबै, आहै, परे आदि ।

निन्दाबोधक: धत्, धिक्कार आदि।

शोकबोधक : हरे शिव, रामराम आदि।

प्रश्नबोधक : ए ?, हो ?, के ? आदि।

प्रशंसाबोधक : स्याबास! वाह वाह आदि।

**निपात**

नेपाली वाक्यमा निपात एउटा विशेष प्रकारको पद हो। यसको सम्बन्ध वाक्यमा मात्र नभएर सङ्कथन र परिस्थितिसँग पनि हुन्छ। वाक्यमा आश्रितका रूपमा प्रयुक्त भई वाक्यात्मक धारणा घोषित गर्ने अव्ययलाई निपात भनिन्छ। निपातलाई विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ। जस्तै:

आश्रय आधारमा: → शब्दाश्रित, → वाक्याश्रित

स्थानको आधारमा: → अग्रवर्ती, → मध्यवर्ती, → अन्व्यवर्ती

अक्षरको आधारमा: → एकक्षरी, → अनेकाक्षरी

अर्थको आधारमा: → अपत्यार, → परोक्ष, → स्मरण, → अनिश्चय, → शङ्कावाचक आदि

**बनोट/व्युत्पतिका आधारमा शब्दको वर्गीकरण**

भाषामा नयाँ शब्द बनाउने वा रचना गर्ने काम शब्द रचना हो। शब्द रचनालाई शब्दनिर्माण वा व्युत्पादन पनि भनिन्छ। शब्द निर्माण प्रक्रियामा भाषा नियमअनुसार आधार तत्वसँगै आधेय तत्वको मेल वा जोड गरिन्छ। नेपाली धातु र शब्द ले आधार तत्वको काम गरेका हुन्छन् भने उपसर्ग, प्रत्यय, शब्द आदिले आधेय तत्वको काम गरेका हुन्छन्। नेपाली भाषामाशब्द निर्माण गर्नका लागि उपसर्ग , प्रत्यय, समास र द्वित्व पद्धतिहरू प्रयोग गरिन्छ। व्युत्पतिको आधारमा शब्द मुख्य दुई किसिमका हुन्छन्:

(क) मूल शब्द

(ख) व्युत्पन्न शब्द

(क) मूल शब्द:

मूल शब्दको बनोट हुँदैन ; त्यसैले यसलाई अव्युत्पन्न वा स्वतः निर्मित शब्द पनि भनिन्छ। यस्तो शब्दलाई टुक्र्याउन सकिँदैन। मूल शब्द आफैँ बनेको हुन्छ। नेपालीमा उपसर्ग तथा प्रत्यय नलागेका अनि समास र द्वित्व नभएका शब्दहरू मूल शब्दको रूपमा रहन्छन्। जस्तै: घर, देव, रातो आदि।

(ख) व्युत्पन्न शब्द:

कुनै मूल वा धातुमा अरु शब्द वा प्रत्यय जोडिएर बनेको शब्द व्युत्पन्न शब्द हो। यसको बनोट हुन्छ। यस्तो शब्दलाई टुक्र्याउन सकिन्छ। नेपाली भाषामा यस्ता शब्दहरूमा उपसर्ग , प्रत्यय, समास, द्वित्व आदि प्रक्रियाबाट बनेका हुन्छन्। जस्तै: अवस्था (अव + स्था), संहार (सम् + हार) आदि

## अध्याय तीन : अध्ययनको विधि र प्रक्रिया

### अध्ययनको संस्चना

कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन रहेको छ। कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरूको संख्यात्मक खोज गरेर ती शब्दको शब्दवर्ग, बनोट प्रक्रिया, वर्ग, अर्थ, पाठको शीर्षक , पृष्ठसङ्ख्या र शब्दको आवृत्तिका आधारमा विश्लेषण गरिएको छ । तसर्थ यसमा पाठ्यपुस्तक विधि, पुस्तकालय विधि, शोधनिर्देशन विधि र विश्लेषण विधि अपनाइएको छ।

### जनसङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य तथ्याङ्कध र प्रमाणका आधारमा मात्र सम्पन्न गर्न सकिन्छ । यस शोधपत्रमा जनसङ्ख्या र नमुनाका रूपमा कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त शब्दहरुको चयन गरिएको छ।

### नमुना छनोट प्रक्रिया

यस शोधपत्रमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा भएका कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरुको नमुना छनोट गर्दा उद्देश्यमूलक नमुना छनौट गरिएको हो । उक्त तत्सम शब्दहरुलाई जनसङ्ख्याका रूपमा लिइ पुस्तकालयीय विधि अपनाइ सामग्री सङ्कलन गरिएकोछ ।

### तथ्याङ्क सङ्कलनका स्रोत

यस शोधपत्रमा तथ्याङ्क सङ्कलनमा प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा कक्षा सातको नेपाली पाठ्यपुस्तक र द्वितीयक स्रोतका रूपमा प्रकाशित अप्रकाशित शोधपत्र, पाठ्यपुस्तक, शब्दकोश शिक्षक सुझाव तथा निर्देशन र इन्टरनेटको समेत प्रयोग गरिएको छ।

### तथ्याङ्क सङ्कलनका प्रक्रिया

कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनका लागि पुस्तकालयीय अध्ययनबाट तथ्याङ्क सङ्कलन गरिएको छ। यसैगरी तत्सम शब्दहरूको विश्लेषण गर्नका लागि नेपाली बृहत् शब्दकोश , माध्यमिक नेपाली व्याकरणजस्ता पुस्तकको सहायताबाट सामाग्री सङ्कलनगरिएको छ।

**तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया**

अनुसन्धान कार्य गर्नका लागि तथ्याङ्क विश्लेषण र व्याख्या गर्नु आवश्यक हुन्छ । त्यसैले शोधपत्रका लागि कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयोग भएका तत्सम शब्दहरूको सङ्कलन गर्ने, तत्सम शब्दहरूलाई वर्ग, बनोट प्रक्रिया, अर्थ, पाठ, पृष्ठ सङ्ख्या, शब्दको आवृत्ति खुलाउनका साथै विश्लेषण गर्न नेपाली बृहत शब्दकोश, माध्यमिक नेपाली व्याकरण र रचना पुस्तकको प्रयोग गरी त्यसैका आधारमा विश्लेषण गरिएको छ।

**अध्याय चारः व्याख्या र विश्लेषण**

कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरु

**कक्षा सातको नेपाली पाठ्यपुस्तकमा विधाहरुको छनोटको अवस्था**

कक्षा सातको नेपाली पाठ्यपुस्तकको बाहिरी गातामा नेपाली ७ लेखिएको छ । यस पाठ्यपुस्तकमा कमसल खालको कागज प्रयोग गरिएको छ। यो पुस्तक नेपाल सरकार शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यकम विकास केन्द्र सानोठिमी , भक्तपुरले प्रकाशन गरेको हो । आधारभूत शिक्षा पाठ्यकमलाई मूल आधार मानि शिक्षा सम्बन्धी विभिन्न व्यक्ति सम्मिलित गोष्ठी अन्तरक्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी पृष्ठ पोषण समेतलाई समेटी यो पाठ्यपुस्तक को प्रथम संस्करण

वि.सं. २०७९ मा पहिलो संस्करणमा प्रकाशन भएको र पुन सस्करण वि.स: २०८० सालमा प्रकाशन भएको हो। यस पुस्तकमा जम्मा १९८ पृष्ठ सङ्ख्या रहेको छ। यस पाठ्यपुस्तक तयार गर्न जम्मा सात जना लेखकहरू मिलेर लेख्नुभएको हो। डा. प्रेमप्रसाद चौलागाईं, डा. राजेन्द्र खनाल, श्री विष्णुप्रसाद अधिकारी, श्री केदारप्रसाद दाहाल, श्री ध्रुवराज अधिकारी, श्री इन्दु खनाल र श्री थिनाकुमारी निरौलाद्वारा परिमार्जन गरिएको हो। यसपाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरी सत्र १७)) ओटा पाठ दिइएको छ। जसमा चार ओटा कथा, तीन वटा कविता, दुई ओटा जीवनी, एउटा दैनिकी, एउटा नियात्रा, एउटा सम्मानपत्र, एउटा वक्तृता, एउटा चिठी, दुई ओटा निबन्ध र एउटा संवाद समावेश गरिएको छ। यसरी कक्षा सातको पाठ्यपुस्तक तयार पारिएको छ।

**तालिका १ कक्षा सातको पाठ्यपुस्तकमा विधा छनोटको अवस्था**

| क्र.स. | शीर्षक | विधा |
|---|---|---|
| १. | मेरो देश | कविता |
| २. | तितो बोली सच्चा गुण | कथा |
| ३. | स्वरोजगारीको महत्त्व | संवाद |
| ४. | साहित्यकार भूपि शेरचन | जीवनी |
| ५. | स्वस्थ जीवनका लागि योग | निबन्ध |
| ६. | भाईलाई चिठी | चिठी |
| ७. | परिकल्पना | कथा |
| ८. | सिर्जनाको कोपिला | निबन्ध |
| ९. | आमा | कविता |
| १०. | अवसरको सदुपयोग | दैनिकी |
| ११. | अबोध | कथा |
| १२. | मदर टेरेसा | जीवनी |
| १३. | जेष्ठ नागरिक प्रति हाम्रो दायित्व | वक्तृता |
| १४. | काली गण्डकीको किनारै किनार | नियात्रा |
| १५. | वसन्त | कविता |
| १६. | गुरुको सम्मान | सम्मानपत्र |
| १७. | स्थायी बास | कथा |

कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश भएका विषयहरूमा कथा विधाका चार ओटा विधाहरू: तितो बोलीसच्चा गुण ,परिकल्पना, अबोध र स्थायी बास रहेको छ। कविता विधा अन्तर्गत मेरो देश , आमा र वसन्त रहेको छ। जीवनी विधामा साहित्यकार भूपि शेरचन र मदर टेरेसा रहेको छ। निबन्ध विधा अन्तर्गत स्वास्थ्य जीवनका लागि योग र सिर्जनात्मक सोच रहेको छ। संवाद अन्तर्गत स्वरोजगारीको महत्व, चिठी अन्तर्गत भाइलाई चिठी, दैनिकी अन्तर्गत सरसफाइको सदुपयोग, जेष्ठ नागरिकहरुप्रति हाम्रो दायित्व वक्तृता, काली गण्डकीको किनारै किनार नियात्रा र गुरुको सम्मान सम्मानपत्र रहेको छ। यस कक्षा

सातको नेपाली पाठ्यपुस्तकमा जम्मा सत्र ओटा पाठ समावेश गरिएको छ। जसमा दश ओटा विधामा यो पाठ्यसामग्रीविभाजन गरिएको छ।

**तितो बोली सञ्चा गुण कथामा प्रयुक्त तत्सम शब्दहरु**

रामविक्रम सिजापतीद्वारा **'तितो बोली सञ्चा गुण '**कथा लेखिएको हो। यो कथा दन्त्य कथामा आधारित रहेको छ। यो कथा काल्पनिक घटनालाई विषय बनाएर तयार पारिएको छ। यस कथामा मानवका मनमा लागेका कुरालाई कथामा प्रस्तुत गरिएको छ। ससुरालाई बुहारीलाई गरेको प्रश्नबाट यो कथाको आरम्भ भएको छ। यस कथामा कुनै पनि मान्छेको स्वभाव र बुद्धि हेरेर थाहा पाउन सकिँदैन भन्ने कुरालाई ससुरा र बुहारीद्वारा स्पष्ट पारिएको छ। प्रत्येक मानव को मनमा श्रद्धा, प्रेम, दया हुनुपर्छ। जीवनमा दया, माया, प्रेम, श्रद्धा भएमा जीवन जिउने आधार मिल्छ र जिउनका लागि वास्तविक खर्चको प्रतिफल दिन्छ भन्ने कुरालाई यस कथा 'तितो बोली सञ्चा गुण' मा प्रस्तुत गरिएको छ। मान्छेको तितो बोलीका आधारमा उसको स्वभाव र बुद्धिलाई तुलना गर्न नहुने सन्देश यस कथामा रामविक्रम सिजापतीले दिन खोजेका छन्।

यस 'तितो बोली सञ्चा गुण ' कथामा प्रयोग गरिएका शब्दहरू शब्द स्रोतका आधारमा हेर्दा तत्सम शब्दहरूको प्रयोग अन्य शब्दहरूको तुलनामा कम प्रयोग भएको पाइए पनि कथा सन्दर्भले गर्दा उपयुक्त रूपमा प्रयोग भएको पाइन्छ। यस कथामा प्रयोग भएका तत्सम शब्दहरुलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

**तालिका संख्या २ तितो बोली सञ्चा गुण कथामा प्रयुक्त तत्सम शब्दहरु**

| क्र. सं | शब्द | शब्द वर्ग | बनोट प्रक्रिया | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अनुकूल | विशेषण | अनु + कुल | आफ्नो इच्छा, चाहना वा आवश्यकता अनुरूप वा आफूले चिताएको वा भने जस्तो | १६ |
| २ | अनुमान | विशेषण | अनु + मान | अन्दाज लगाउने काम , वा भावी कामकुरा आदिबारे गरिएको अड्कल | १६ |
| ३ | अन्त्य | विशेषण | अन् + त्य | अन्तिम, पछिल्लो | १६ |
| ४ | अन्न | नाम | — | अनाज, धान, मकै, गहुँ, कोदो आदि खाद्य वस्तुको समूह | १३ |
| ५ | असर्फी | नाम | असर + फी | पुरानो समयको एक प्रकारको सुवर्ण मुद्रा, गिन्नी | १४ |
| ६ | आकाश | नाम | आ + काश | पृथ्वी तथा ग्रह नक्षत्रको बीचको माथि हेर्दा खुला र निलो देखिने शून्य स्थान, आसमान | १६ |
| ७ | आरम्भ | नाम | — | थालनी, सुरु, उठान | १६ |
| ८ | आनन्द | नाम | आ + नन्द | सुखमय स्थिति, हर्ष, प्रसन्नता | १६ |
| ९ | उपकार | नाम | उप + कार | अरूको कष्ट निवारण तथा हित, शुभ कार्य | १२ |
| १० | उत्थान | नाम | — | कुनै निम्न स्थितिबाट उन्नत वा उच्च स्तरमा पुग्ने अवस्था, समृद्ध स्थिति, उन्नति | १६ |
| ११ | ऋण | नाम | — | पछि तिर्ने गरी कसैसित सर्तमा लिएको सापटी | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | धन | |
| १२ | एक | मूल शब्द | — | गणनाको पहिलो संख्या | १२ |
| १३ | कति | विशेषण | | अमूर्त र मूर्त वस्तुको मात्रा | १२ |
| १४ | करामत | नाम | | साधारण वा असामान्य काम, चमत्कार, कमाल | १२ |
| १५ | कारण | नाम | मूल शब्द | मूल शब्द, प्रभाव वा परिणाम उत्पन्न गर्ने कुनै पनि मूल तत्व, तर्क आधार आदि | १६ |
| १६ | कुबुद्धि | नाम | | खराब वा हानिकारी बुद्धि, सूखता | १६ |
| १७ | खर्च | नाम | खर+च | कुनै पनि वस्तुलाई काम वा वस्तुका निम्ति दिइने पैसा, व्यय | १२ |
| १८ | गुण | विशेषता | | विशेषता | १३ |
| १९ | झट्ट | विशेषण | | छिटो, तुरुन्त, शीघ्र, चाडै | १४ |
| २० | तर्फ | नामयोगी | अ+तरफ | कुनै पट्टि, तिर, तर्फ | १४ |
| २१ | त्यती | विशेषण | त्यो+ जति | त्योजति, उति, त्यति | १४ |
| २२ | दङ्ग | क्रिया विशेषण | दङ्+ग | बन्दुक, तोप आदि पड्कँदा निस्कने आवाज, छक्क पर्नु | १२ |
| २३ | दया | नाम | द+आय | अर्कोमा आइपरेको दुःखपीडा आदिलाई अनुभव गरेर संवेदनशील हुनु | १६ |
| २४ | दही | नाम | | दूध जमाएर बनाएको खाद्य वस्तु | १५ |
| २५ | दुई | नाम | | एक र तीनको बीचको अङ्क जनाउने चिह्न; एक र एकको योगफल | १५ |
| २६ | दुर्जन | विशेषण | दुर+जन | अर्काको हानी नोक्सानी गर्ने स्वभाव भएको | १७ |
| २७ | देखी | क्रिया विशेषण | देख+ई | देख्ने काम गरेर, स्पष्टसँग, प्रत्यक्ष | १६ |
| २८ | नवीन | विशेषण | नवईन+ | नयाँ, हालसालैको, नौलो | १६ |
| २९ | पनि | क्रियाविशेषण. | पन+ई+ | समेत, सहित, लगायत | १६ |
| ३० | पल्ट | नामयोगी | — | अरू शब्दका पछि लागेर मौका, अवसर, पक्क आदि अर्थ बुझाउने शब्द | अ-१४ |
| ३१ | पशु | नाम | पशउ+ | चार खुट्टा हुने पुच्छरधारी भन्नु, चौपाया, जनावर, सुरखे | १३ |
| ३२ | पश्चाताप | नाम | पश्चातआप+ | आफूले गरिसकेका कार्यबाट उत्पन्न कुनै मानसिक खेद | १२ |
| ३३ | पालि | नाम | पालोई+ | पटक, बाजी, पालामा | १३ |
| ३४ | पार्नु | प्रेरणार्थक | परआसनु+ | पर्ने, पराउनु, समावेश गर्नु, गराउनु | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | क्रिया | | | |
| ३५ | प्रतिकूल | विशेषण | प्रतिकुल+ | आउने सोचेकोचाहेको भन्दा उल्टो/, अमिल्दो, विपरीत | १६ |
| ३६ | प्रतिफल | नाम | प्रतिफल+ | कुनै कुराको निचोड, निष्कर्ष | १६ |
| ३७ | प्रश्न | नाम | — | कुनै कुराको उत्सुकता मेट्नका लागि कसैलाई सोधिने शब्द, सवाल | १६ |
| ३८ | प्रेम | नाम | — | कुनै विषयमा अनुराग | १६ |
| ३९ | प्राचीन | विशेषण | — | धेरै पहिलेको, पूर्वीय, पुरातन, पौरस्त्य | १६ |
| ४० | बाढी | नाम | बाढई+ | ज्यादा वर्षा हुँदा पानी बढेर आफ्नो नियत स्थान नाघी बगेको, नदीनालामा प्रभाव | १६ |
| ४१ | बुद्धि | नाम | — | सोचविचार गर्ने तथा निर्णय गर्न सक्ने मानसिक शक्ति, ज्ञान, समझ | १२ |
| ४२ | भाषा | नाम | | आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनिसमूह, बोली, वाणी। | १४ |
| ४३ | भाव | नाम | | आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनिसमूह, बोली, वाणी। | १४ |
| ४४ | भोलि | विशेषण | | आउदो दोस्रो दिन। | १३ |
| ४५ | मात्र | विशेषण | | केवल, खालि, एक्लै | १२ |
| ४६ | मुस्किल | विशेषण | | कठिन, दुःसाध्य, अप्ठ्यारो, साह्रो | १३ |
| ४७ | मुर्ख | नाम | | साह्रै कम बुद्धि भएको वा बुद्धि नै नभएको बेवकुफ अशिक्षित। | १३ |
| ४८ | यताउति | विशेषण | | ययतै वरिपरि , अलगबगल नजिकै जतातते , सर्वत्र। | १४ |
| ४९ | लगानी | नाम | लग्+आनी | कसैलाई ब्याज लिने गरी सापटी दिएको घन | १२ |
| ५० | यत्रो | विशेषण | यो+त्रो | परिमाण भरिको योजत्रो सर्व | १२ |
| ५१ | वचन | नाम | | मानिसका मुखबाट निस्कने शब्द, प्रतिज्ञा, आदेश | १२ |
| ५२ | वरपिपल | नाम | वर+पिपल | वरपिपलको रुख | १३ |
| ५३ | वास्तविक | विशेषण | | तत्थ्यपूर्ण, सत्य, साँचो | १६ |
| ५४ | विचार | नाम | वि+चार | कुनै समस्या मनमनै गरिने चिन्तन, सङ्कल्प | १२ |
| ५५ | विश्वास | नाम | वि+श्वास | कुनै पनि काम प्रति हुने सत्यताको धारणा, आस्था | १५ |
| ५६ | विषय | नाम | वि+सय | त्यस्तो कुरा जसको बारेमा बयान गरिन्छ छलफल गरिन्छ लेखिन्छ वा पढिन्छ | १२ |
| ५७ | विवाह | नाम | वि+वाह | स्त्री र पुरुषका बीचमा पति पत्नीने सम्बन्ध कायम | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५८. | श्रद्धा | नाम | | देखिएको वा नदेखिएको कुन आदर्श गुण उत्कृष्ट वा प्रवल इच्छा | १६ |
| ५९. | स्वभाव | नाम | स्व+भाव | आफ्नो वा निजी भाव आनीबानी, चालचलन | १५ |
| ६०. | सच्चा | नाम | सच्च+आ | जस्तो हुनुपर्ने, जस्ताको त्यस्तै, साँचो | १६ |
| ६१. | जिम्मा | नाम | जिल्म+आ | उत्तरदायित्व, जिम्मेवारी | १६ |
| ६३. | स्याल | नाम | | मुख केही चुच्चो र पुच्छर झुप्प परेको मांसाहारी एक जङ्गली जनावर | १३ |

रामविक्रम सिजापतीद्वारा लेखिएको दन्त्य कथा "तितो बोली सच्चा गुण" मा जम्मा ९२९ ओटा शब्दहरूको प्रयोग भएको पाइन्छ। जसमा १३२ ओटा तत्सम शब्दहरू प्रयोग भएका छन्। प्रतिशत हिसाबले १४.२० प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा गरिएको छ। यसमा आवृत्ति भएको शब्दहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

**तालिका संख्या ३ आवृत्ति भएका शब्दहरू**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| उपकार | २ | पल्ट | २ |
| कति | २ | पनि | ११ |
| खर्च | १२ | प्रेम | २ |
| रुख | ३ | भाव | २ |
| दहि | ४ | मुर्ख | ४ |
| हुनु | ६ | मन | २ |
| प्रश्न | ३ | गल्ती | २ |
| स्याल | ३ | वचन | २ |
| त्यति | २ | वास्तविक | २ |
| जम्मा | — | पैसा | ३ |
| विचार | ५ | — | — |

"तितो बोली सच्चा गुण" कथामा २२ ओटा शब्दहरू आवृत्ति भएको पाइन्छ। त्यसमध्ये खर्च शब्द १५ पटक अर्थात सबैभन्दा बढी आवृत्ति भएको छ भने सबैभन्दा कम आवृत्ति भएको शब्दहरू उपकार, कति, त्यति, पल्ट, प्रेम, भाव, यन्त्र, वचन, वास्तविक शब्द दुई पटक मात्र आवृत्ति भएको पाइन्छ।

**परिकल्पना कथामा प्रयुक्त तत्सम शब्दहरू**

काल्पनिक परिवेशलाई आधार बनाई लेखिएको परिकल्पना कथा दन्त्य कथा हो। यस कथामा सानो बच्चाको मनमा लागेको विचारलाई कल्पना सँग जोडेर प्रस्तुत गरिएको छ। एउटा चित्रद्वारा आफ्नो गाउँ

ठाउँ भविष्यमा सुविधायुक्त विकसित बनाउने कल्पना गरेर देश र गाउँ कस्तो भएपछि विकसित बनाउने सोचलाई कल्पना गर्दै कथाको सुरुवात गरिएको छ। यस कथामा आफ्नो देशमा केही गर्छु , राम्रो गर्छु भनेर बस्नु भन्दा विदेशिनु राम्रो भन्ने कुरालाई पनि प्रस्तुत गरिएको छ। मानिसहरू ले गाउँलाई छोडी सहरतिर हिँड्न हतार हुन्छ। यस कथामा आफ्नो जन्मभूमिलाई सधैँ माया गर्नुपर्छ र सबै मिलेर गाउँलाई एक सुन्दर सहर बनाउन चाहन्छ, भने बनाउन सकिन्छ भन्ने भाव परिकल्पना कथाले व्यक्त गर्न खोजेको छ। केही कार्य गर्नु अघि योजना बनाइन्छ , त्यसैगरी सानी छोरीको गाउँ सुन्दर र समृद्ध बनाउने चित्रद्वारा कल्पना गर्दै म ठूली भएपछि मेरो गाउँ सबै कुरामा भरिपूर्ण विकसित बनाउने सपना देख्दै कल्पना गरेर यो कथामा प्रस्तुत गरिएको छ। समग्रमा भन्नुपर्दा यदि गर्ने हो भने इच्छा , चाहना भयो भने गाउँलाई पनि सुन्दर बनाउन सकिन्छ। सुन्दर गाउँ बनाउनु भन्दा अघि सपना , योजना बनाउनु जरुरी हुन्छ। सानो मान्छेको मनमा त गाउँप्रतिको माया जिम्मेवारी हुन्छ भने ठूलो मान्छेमा किन हुँदैन? भन्ने विचार कथाकार हरि खनालद्वारा 'परिकल्पना' कथामा व्यक्त गरिएको छ। परिकल्पना कथामा प्रयोग गरेका शब्दहरूलाई शब्दस्रोतका आधारमा अध्ययन गर्ने। तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ। यस व्याख्यामा प्रयोग भएका तत्सम शब्दहरूलाई तालिकामा निम्नअनुसार प्रस्तुत गरिएको छ।

**तालिका सङ्ख्या ४ "परिकल्पना" कथामा प्रयुक्त तत्सम शब्दहरू**

| क्र.स. | **तत्सम शब्द** | **शब्द वर्ग** | **बनोट प्रक्रिया** | **अर्थ** | **पृष्ठ** |
|---|---|---|---|---|---|
| १. | अङ्क | नाम | — | संख्या, गिनती वा सङ्ख्याको आधारमा समाप्ति बुझाउन प्रयोग गरिने प्रारम्भिक चिह्न। | ७७ |
| २. | अत्यन्त | विशेषण | — | यतिउति भन्ने सीमा नाघेको, खुब, ज्यादा | ७७ |
| ३. | अत्याधुनिक | विशेषण | अत् + आधुनिक | समसामयिक वा आधुनिक अवधिमा सबैभन्दा पछिल्ला अवधिको, ज्यादै नयाँ | ७५ |
| ४. | अर्थ | नाम | — | तात्पर्य, मतलब, अभिप्राय | ७७ |
| ५. | अभियान | नाम | अभि + यान | कुनै विशिष्ट कार्य, निश्चित उद्देश्य वा लक्ष्य प्राप्त गर्न सामूहिक रूपमा गरिने प्रयास | ७६ |
| ६. | असम्भव | विशेषण | अ + सम्भव | सम्भव नभएको, हुनै नसक्ने | ७५ |
| ७. | अशिक्षा | नाम | अ + शिक्षा | शिक्षाको अभाव | ७६ |
| ८. | अनुसार | नाम | अनु + सार | इसारा, सान, अन्सार | ७५ |
| ९. | अनुहार | अनु नाम | अनु + हार | आकार, आकृति, रूप, | ७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मुख | |
| १०. | आकर्षक | नाम | आ+कृष+अक | आकर्षण गर्ने वा खिच्ने; तान्ने, घिच्याउने | ७६ |
| ११. | आकाश | नाम | आ + काश | पृथ्वी तथा ग्रह-नक्षत्रको बीच माथि हेर्दा खुला र निलो देखिने शून्य अपार स्थान, आसमान | ७५ |
| १२. | आफ्नो | विशेषण | — | आफ्नो अधिकारको, निजको | ७६ |
| १३. | ऊर्जा | नाम | | बल, शक्ति, उत्साह | ७४ |
| १४. | एक | नाम | मूलशब्द | पूर्ण राशिमा सङ्ख्या क्रमका हिसाबले पहिलो सङ्ख्या १ अङ्क | ७६ |
| १५. | कुची | नाम | | चित्र बनाउने वा रङ भर्ने कलम, दुप्पामा रौं भएको | ७७ |
| १६. | कम्प्युटर | नाम | | विविध प्रकारका तथ्याङ्क वा कार्यक्रमहरुलाई चक्का वा चुम्बकीय फितामा भण्डारण गर्ने अत्याधुनिक विद्युतीय संयन्त्र | ७५ |
| १७. | कम्पोष्ट मल | नाम | कम्पोष्ट+मल | मल, मलखाल्डोमा सडेर बनेको मल | ७४ |
| १८. | कल्पना | नाम | कल्पन+आ | स्मृतिपटमा अनौठा नयाँ कुरा वा वस्तुको प्रतिभाचित्र | ७३ |
| १९. | कक्षा | नाम | क+ छया | दर्जा, श्रेणी, स्तर, पढाइ सञ्चालन गरिने कोठा | ७५ |
| २०. | गुरु | नाम | | कुनै पनि विद्या वा शिक्षा प्रदान गर्ने व्यक्ति, शिक्षक | ७६ |
| २१. | गृहकार्य | नाम | गृह+कार्य | गृहकार्य घरमा गरिने काम, होमवर्क | ७६ |
| २२. | चित्र | नाम | | तस्बिर, फोटो, प्रतिमा, छवि | ७३ |
| २३. | जीवजन्तु | नाम | जीव+जन्तु | जीवजन्तु पृथ्वीमा भएका साना ठुला सबै प्राणी, | ७३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पशुपक्षी | |
| २४. | जङ्गल | नाम | | रुख विरुवाले घारी भएको ठाउँ | ७३ |
| २५. | जन्म | नाम | जन्+म | आवश्यकता अनुसार न्यूनतम गर्भवास पुरा भएपछि आमाको कोखबाट भ्रूण बाहिर निस्कने कार्य | ७४ |
| २६. | टेलिफोन | नाम | टेलि + फोन | तारको सम्बन्ध द्वारा एक ठाउँबाट अर्को ठाउँमा कुराकानीओहोर दोहोर गर्ने यन्त्र | ७४ |
| २७. | तल्लो | विशेषण | | तलतिर, मुन्तिर | ७३ |
| २८. | दश | नाम | | नौ भन्दा पछि आउने संख्या, १० को अंक | ७४ |
| २९. | दृश्य | विशेषण | | हेर्ने वा देख्न सकिने, दर्शनीय | ७३ |
| ३०. | देश | नाम | मूलशब्द | चारैतिर फैलिएको गाउँ, सहर, जिल्ला मिलेर बनेको विशिष्ट भूभाग, माटो, मुलुक | ७३ |
| ३१. | धेरै | विशेषण | | प्रशस्त, ज्यादा, बहुत, निकै | ७३ |
| ३२. | नदी | नाम | नद+ई | सानो खोला, खहरे, सानो नदी | ७६ |
| ३३. | निद्रा | नाम | | सुतेको वा काम नभएको बेलामा शरीर शिथिल भई चेत हराउने प्रक्रिया | ७५ |
| ३४. | निर्माण | नाम | निर+माण | घर, मन्दिर, सडक आदि बनाउने काम | ७६ |
| ३५. | निश्चित | विशेषण | निश्चय+ईत | निश्चय गरिएको, निधो भएको | ७६ |
| ३६. | पक्ष | नाम | | — | ७३ |
| ३७. | पत्र | नाम | | बोटविरुवाका पात, पत्ती, दल | ७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८. | परिकल्पना | नाम | परि+कल्पना | पछि सिद्ध हुन सक्ने कुराको पहिले नै मनमा अड्कल वा धारणा | ७६ |
| ३९. | परिचयपत्र | नाम | परिचय+पत्र | वस्तुहरूको सम्प्राप्तिको उचित प्रबन्धका लागि सर्वसाधारण उपभोग गर्न सक्ने गरि दस्तुर लिई जारी गरिने पत्र | ७५ |
| ४०. | पुस्तकालय | नाम | | सार्वजनिक रूपले इच्छुक पाठकहरूले विभिन्न शर्तमा पढ्न पाउने हिसाबले विभिन्न विषयका पुस्तकहरूको सङ्ग्रह गरिएको ठाउँ | ६६ |
| ४१. | पूर्ण | विशेषण | | पूरा, सिङ्गो | ६२ |
| ४२. | पूजा | नाम | | देवीदेवता वा पूजनीय व्यक्तिलाई प्रसन्न पार्न गरिने कार्य | ६२ |
| ४३. | पोस्टर | नाम | | सर्वसाधारणको जानकारीको लागि नारा, माग आदि ठूला अक्षरमा लेखिएको चित्र | ७२ |
| ४४. | प्रबन्ध | नाम | | कुनै काम कुरा राम्ररी सम्पन्न गर्न मिलाउने व्यवस्था | ६२ |
| ४५. | प्रवेश | नाम | | बाहिरबाट भित्र आउने जाने क्रिया | ६२ |
| ४६. | प्रिय | विशेषण | | मन परेको, प्यारो | ६२ |
| ४७. | बन्द | विशेषण | | रोकिएको, चारैतिरबाट थुनिएको वा छोपिएको | ७४ |
| ४८. | भक्त | विशेषण | | श्रद्धा साथ ईश्वर वा देवताको भक्ति गर्ने भक्तजन | ७५ |
| ४९. | भविष्य | नाम | | वर्तमान समयभन्दा | ७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पछिको सम्पूर्ण अथाह समय | |
| ५०. | भित्र | विशेषण | | घर, पर्खाल, घेरा, बार, परिधि आदिको गर्भमा अन्तरखण्डमा बाहिर उल्टोतिर | ७५ |
| ५१. | मध्य | नाम | | कुनै चिजको बीचको भाग, माझ | ७६ |
| ५२. | मन्त्रमुग्ध | विशेषण | | मोहित पारिएको, लठ्ठ तुल्याइएको, मुग्ध बनाइएको | ७६ |
| ५३ | मन्दिर | नाम | | देवी देवताको मूर्ति वा प्रतिमा राखिएको ठाउँ | ६२ |
| ५४. | मुसुक्क | विशेषण | | आवाज ननिकाली ओठ मात्र चलाएर हाँस्ने किसिमले, मिठो गरी मुस्कुराएर | ७६ |
| ५५. | यति | नाम | यो+ई | यो+है, सन्यास धारण गरेको योगी | ७४ |
| ५६. | रङ्ग | नाम | | सौन्दर्य रोगन आदि | ७३ |
| ५७. | रजनी | नाम | रजन+ई | रजन + है, सुर्यास्त पछिको सन्ध्याबाट सुरु भई सुर्योदय पूर्वको उषा सम्मको समय, रात्रि, रात | ७३ |
| ५८. | वन | नाम | | फूल शब्द, बोटविरुवाहरू उम्रने बाक्लो भएको क्षेत्र, जङ्गल | ७३ |
| ५९. | वर्ष | नाम | | दुई अयन, ६ ऋतु, बाह्र महिना हुने ठूलो कालको प्रसिद्ध मान, साल | ७३ |
| ६०. | विकसित | विशेषण | | क्रमशः बढ्दै वा सुध्रिदै गएको स्थिति, उन्नति | ७५ |
| ६१. | विकास | नाम | वि+कास | क्रमसः बढ्दै वा सुध्रिदै गएको स्थिति, उन्नति | ७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६२. | विचार | नाम | विच+आर | कुनै समस्या, विषय वा स्थिति बारे गहिरिएर सोच्ने काम, मनमनै गरिने चिन्तन, मनन | ७३ |
| ६३. | विज्ञान | नाम | वि+ज्ञान | भौतिक विषयको तत्व, सिद्धान्त आदिको प्रयोगात्मक विवेचना गरिएको शास्त्र | ७५ |
| ६४. | विद्यार्थी | नाम | विद्या+अर्थी | नियमित रूपले विद्याको आर्जनमा लागि रहने व्यक्ति, शिक्षण संस्थामा अध्ययनरत व्यक्ति | ७५ |
| ६५. | विद्यालय | नाम | विद्या+आलय | पढ्ने र पढाउने ठाउँ, पाठशाला, स्कुल | ७५ |
| ६६. | विरोध | नाम | विर+ओध | कुनै कामकारबाही रोक्नका निम्ति गरिने कोसिस, विपरीत प्रयत्न | ७७ |
| ६७. | विषय | नाम | वि+सय | कुनै पनि विचार गरिने कुरो वा वस्तु | ७५ |
| ६८. | वृद्ध | विशेषण | | धैरै उमेर भएको, बुढो | ७६ |
| ६९. | व्यस्त | विशेषण | | कुनै काममा एकाग्रता साथ संलग्न रहने, काममा लागेकोले फुर्सद नभएको। | ७५ |
| ७०. | व्यवस्था | नाम | | अस्त हुनुपर्ने हो, ठीक त्यस्तै अवस्था, राम्रो हालत, प्रबन्ध। | ७४ |
| ७१. | व्यक्ति | नाम | | मानिस, जीवभन्दा छुट्टै अस्तित्व भएको प्राणी। | ७५ |
| ७२. | व्याख्या | नाम | व्याख्य+आ | अर्थ स्पष्ट नभएको कुनै पद, वाक्यांश आदिको अर्थ र भाव स्पष्ट पार्ने | ७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विवरण। | |
| ७३. | वेला | नाम | वेल+आ | समय, काल, बखत। | ७४ |
| ७४. | शीर्षक | नाम | शीर+सक | लेख, निबन्ध, कविता आदिको शिरमा रहने भाग। | ७३ |
| ७५. | शौचालय | नाम | शौच+आलय | दिसापिसाब गर्ने ठाउँ, चर्पी। | ७४ |
| ७६. | षड्यन्त्र | नाम | षड्+यन्त्र | अरूको अनिष्ट गर्नका निम्ति गुप्त रूपले गरिने जालमेलको व्यवहार वा धाँधली। | ७७ |
| ७७. | सञ्चार | नाम | सञ्च+आर | आवतजावत गर्ने बाटो, मार्ग, पथ। | ७६ |
| ७८. | सभ्य | विशेषण | | शिष्ट, भद्र, विनयी। | ७५ |
| ७९. | समस्या | नाम | | समाधान गर्न गाह्रो पर्ने वा कुनै रूपबाट पनि समाधान निकाल्न नमिल्ने अवस्था। | ७५ |
| ८०. | समुन्नत | विशेषण | सम+उन्नत | धैरै उचाइमा पुगेको। | ७३ |
| ८१. | सम्मान | नाम | सम्+मान | विशेष मान, ठूलो आदर वा सत्कार। | ७४ |
| ८२. | सरकार | नाम | सर+कार | देश वा राज्यको शासन व्यवस्था। | ७६ |
| ८३. | सुन्दर | विशेषण | सुन + दर | मनलाई हेर्ने राम्रो, मनोहर, आकर्षक | ७३ |
| ८४. | हरियाली | नाम | हरियो+ हरियो | हरियो घाँसपात, बोटविरुवा, लता वृक्ष आदि वनस्पतिले चारैतिर | ७४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आकर्षण देखिनाको भाव वा स्थिति | |
| ८५. | क्षमता | नाम | — | कुनै काम गर्ने वा केही धारण गर्न सक्ने शक्ति वा विशेषता सामर्थ्य, तागत | ७५ |

कथाकार हरि खनाल द्वारा रचित दन्त्य कथा "परिकल्पना" मा जम्मा ७९३ शब्दहरू प्रयोग भएका छन्। जसमध्ये १७२ ओटा तत्सम शब्द रहेका छन्। प्रतिशतका आधारमा २१.६८ प्रतिशत तत्सम शब्दको प्रयोग यस कथामा भएको पाइन्छ। यस कथामा आवृत्ति भएका शब्दहरुलाई तालिकामा निम्नानुसारप्रस्तुत गरिएको छ।

**तालिका संख्या ५ आवृत्ति भएका शब्दहरू**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| आकर्षक | ३ | मात्र | २ |
| एक | ४ | मन्दिर | ३ |
| कल्पना | ५ | रङ्ग | ३ |
| कम्प्युटर | ५ | रजनी | २१ |
| चित्र | २१ | विचार | ३ |
| जन्म | २ | विषय | ३ |
| दृश्य | २ | विद्यालय | ३ |
| परिकल्पना | ३ | व्यवस्था | २ |
| पुस्तकालय | ३ | सभ्य | २ |
| पूजा | २ | सुन्दर | ६ |
| धेरै | ३ | — | — |

हरि खनालद्वारा रचित "परिकल्पना" कथामा २१ ओटा शब्दहरू आवृत्ति भएको पाइन्छ। जसमध्ये रजनी र चित्र शब्द २१ पटक अर्थात् सबैभन्दा बढी पटक आवृत्ति भएको पाइन्छ भने सबैभन्दा कम आवृत्ति हुने शब्दहरू सभ्य, पूजा, जन्म, दृश्य, व्यवस्था, मात्र र सभ्य शब्दहरू जम्मा दुई पटक मात्र आवृत्ति भएको पाइन्छ।

**अबोध कथामा प्रयुक्त तत्सम शब्दहरू**

किशोर पहाडीद्वारा रचित 'अबोध' कथा वास्तविकतामा आधारित छ। यस कथामा एउटी सानी नानीको मन, भावनासँग बारम्बार गरेको विश्वासघातलाई बुबासँग जोडेर प्रस्तुत गरिएको छ। सानी नानीलाई आइसक्रिम खान मन लागेर आफ्नो बुबासँग आइसक्रिम खान जाने सल्लाह गरेर अबोध कथाको सुरुवात गरिएको छ। आफ्नो बुबाले शनिबार आइसक्रिम खान जाने कुरा गरेर छोरीलाई भनेको हुन्छन्। छोरी विहान उठ्ने बित्तिकै आज के बार भन्ने प्रश्न आमा , गुरुआमासँग सधैँ सोध्ने गर्छिन्। विद्यालयमा आफ्ना साथीहरूलाई खुशी हुँदै शनिबार आइसक्रिम खान बुबासँग जाने कुरा गर्छिन्। शनिबारको दिन

विहानै उठेर बुबालाई आज आइसक्रिम खान जाने होइन भन्ने कुरा गर्दै बुबा अफिसको कामले शनिबार पनि छोरीलाई आइसक्रिम खान लैजान समय हुँदैन। दिउँसोको समय अफिसको स्टाफसँगको बैठक छ , दुई बजे आएर तिमीलाई लैजान्छु भन्दा छोरी खुशी हुन्छिन्। दुई बजे छोरी तयार भएर बस्छे , पाँच बजेसम्म बुबालाई पर्खेर बस्छे। बुबा नआएपछि उ ओछयान पर्छे। बुबा आउछन्छोरीलाई हेर्दा छोरी थकित भएर निदाएकी हुन्छे। विहानै बुबाले छोरीलाई आइसक्रिम खान नभएको कुरा बताए। भएको होइन, विहान आइसक्रिम खान हुँदैन, पेट दुख्छ भनेर भन्छन् र कथा यही टुङ्गिन्छ।

यस कथाले समय छैन भने कसैको मन र भावनासँग खेलवाड नगर्नु भन्ने सन्देश दिन्छ। कसैले त्यो दिन्छ यो गरौँला घुमौँला भन्ने विश्वास नदिनु यदि पूरा गर्ने सकिँदैन भने सानी नानीको मन र दिमागमा लागेको चोटलाई खुशीले बुबाको बारम्बार दिएको शनिवारले ती अबोध बालकमाथि आशाको किरण पलाएर अँध्यारो निभाइएको छ। बालकलाई खुशी बनाउन त्यही आइसक्रिम भएको ठाउँमा मात्र नभएर घरमै ल्याइदिए पनि खुशी हुन्छ। बालकको मन कोमल हुन्छ साना साना कुराले खुशी हुन्छ भन्ने भाव पनि यस कथा "अबोध" कथामा व्यक्त गरिएको छ।

यस कथामा प्रयोग गरेका शब्दहरूलाई शब्दस्रोतका आधारमा अध्ययन गर्दा तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ। यस कथामा प्रयोग भएका तत्सम शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

**तालिका सङ्ख्या ६ अबोध" कथामा प्रयुक्त तत्सम शब्दहरू**

| क्र.सं. | तत्सम शब्द | शब्द वर्ग | बनोट / प्रक्रिया | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अभिनय | विशेषण | अभि+नय | नक्कल, देखासिकी, अनुकरण | १२२ |
| २ | उत्पन्न | विशेषण | | पैदा भएको, जन्मेको, अभिप्रेरित | १२२ |
| ३ | उत्फुल्ल | विशेषण | — | राम्रोसँग फुलेको, ढकमक्क भएर फुलेको | १२२ |
| ४ | उत्साहित | विशेषण | उत्साह + इत | उत्साह भएको, हौसला बढेको | ११५ |
| ५ | उत्सुकता | नाम | उत्सुक + ता | उत्सुक हुनाको भाव वा अवस्था, उत्कण्ठा | १२० |
| ६ | उदय | नाम | — | उदाउने वा झुल्किने क्रिया | ११८ |
| ७ | इमान्दार | विशेषण | इमान + दार | इमान भएको, निष्कपट बोलेको, कुरा पुऱ्याउने सत्यनिष्ठ | १२० |
| ८ | एक | नाम | — | एउटा, पूर्ण राशिमा सङ्ख्या क्रमको हिसाबले पहिलो सङ्ख्या १ को अङ्क | ११५ |
| ९ | कक्षा | नाम | — | दल, श्रेणी, स्तर | १२० |
| १० | कति | विशेषण | क + ति | अमूर्त वा मूर्त वस्तुको मात्रा, सङ्ख्या वा परिमाण आदि बुझ्नका लागि गरिने | ११९ |
| ११ | कर्मचारी | विशेषण | | अर्डर/निर्देश दिएको काम गर्ने | ११९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | कार्यक्रम | नाम | कार्य+क्रम | कुनै विशेष कामको विविध अङ्गको सम्पादन गर्न तयार पारिएको क्रम वा सिलसिलापछि हुने कुनै पनि कामको योजना वा प्रक्रिया | १२१ |
| १३ | कुक्रुक्क | विशेषण | | गोडा दोबर्या उने वा खुम्च्याउने गरी सुत्नु | १२३ |
| १४ | खिन्न | विशेषण | | चिन्ता र पश्चातापले सताइएको, खेद मानेको, क्षुब्ध | १२३ |
| १५ | खुट्टा | नाम | खुट+आट | हिँड्ने काम गर्ने शरीरको तल्लो अवयव, गोडा, पाउ, चरण | १२३ |
| १६ | घर | नाम | मूलशब्द | गारो लगाई छाना हालेर बनाएको मानिस बस्ने ठाउँ, गृह, आलय, निवासस्थान | १२१ |
| १७ | च्याप्प | विशेषण | | मुख सुकाएर जिब्रो तालुमा अड्याएर कस्सेर समातेको अवस्था | १२० |
| १८ | छलफल | नाम | छल+फल | दुई वा दुईभन्दा बढी व्यक्तिहरू बसेर कुनै विषयमा विचारविमर्श गर्ने काम | १२१ |
| १९ | छिमेकी | विशेषण | छिमेक+ई | छिमेकमा बसेको वा रहेको, वल्लोपल्लो घर हुने | १२१ |
| २० | जम्मा | विशेषण | जम+आम | जम्मा पार्ने, भेला पार्ने काम | १२३ |
| २१ | जिम्मेवारी | नाम | | जिम्मेवारीको काम, अभिभारा, उत्तरदायित्व, जवाफदेही | ११९ |
| २२ | जुत्ता | नाम | | खुट्टामा लगाउनका लागि छाला वा कपडा आदिलाई उपयुक्त ढाँचामा सिई तयार पारिएको वस्तु | १२३ |
| २३ | जुरुक्क | विशेषण | जुरुक्+क | एकै प्रयासमा उठ्ने हिसाबले | १२३ |
| २४ | झ्याल | नाम | | कोठाहरूमा हावा र उज्यालोका लागि घरका भित्तामा बनाइने द्वार | १२३ |
| २५ | टक्क | विशेषण | | एकाएक रोकिनु | १२० |
| २६ | टेलिभिजन | नाम | टेली+भिजन | बोल्ने मानिसले शब्द सुनिने र रूप तथा भावभङ्गीमा पनि देखिने आधुनिक यन्त्र | ११८ |
| २७ | ट्वाल्ट्वाल | विशेषण | | एकोहोर हेर्ने गरी टोलाउनु | १२३ |
| २८ | ट्वाल्ल | विशेषण | | एकोहोरो चालले हेरिरहनु | ११९ |
| २९ | तीब्र | विशेषण | | साह्रै छिटो, धेरै चाँडो | १२० |
| ३० | दिन | नाम | | दिउँसो, अवधि, दिवस | १२० |
| ३१ | दुई | नाम | | एक र तीनको बीचको अङ्कलाई | १२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जनाउने चिह्न | |
| ३२ | धनवान | विशेषण | धन+आवन | प्रशस्त धन भएको (धनी) | ११८ |
| ३३ | निम्ति | नाम | | लागि, खातिर, निमित्त | ११८ |
| ३४ | पनि | विशेषण | पण+ई | समेत, सहित, लगायत | ११९ |
| ३५ | पर्सि | विशेषण | | आउँदो तेस्रो दिन | १२२ |
| ३६ | पल्ट | नाम | पल+ट | अवसर, पल्ट आदि अर्थ बुझाउने शब्द | ११९ |
| ३७ | पहिचान | नाम | पहि+चांन | चिनाजानी, परिचय, ज्ञात | १२० |
| ३८ | पाठशाला | नाम | पाठ+शाला | विद्यार्थी या छात्र-छात्राहरूलाई शिक्षा दिइने वा पढाइने ठाउँ, विद्यालय | १२३ |
| ३९ | पात्र | नाम | | कुनै वस्तु राख्ने आधार, भाँडो | ११९ |
| ४० | पिता | नाम | | आफूलाई जन्माउने व्यक्ति, जन्मदाता, बुबा | १२३ |
| ४१ | प्रचार | नाम | प्र+चार | कुनै वस्तु वा कुरालाई कुनै उपायले निरन्तर वा व्यापक रूपमा फैलाउने क्रिया | १२१ |
| ४२ | प्रति | नाम | प्र+ई+त | तिर, तर्फ, पाट्ट | ११९ |
| ४३ | प्रहार | नाम | प्र+हार | लट्ठी, हतियार आदिको हानाहान, छेकबार वा ताड्न शस्त्रास्त्रको आह्वान | १२० |
| ४४ | बुद्रुक | विशेषण | | उफ्रने वा हाम फाल्ने | १२२ |
| ४५ | भोलि | विशेषण | | आजभन्दा पछिको आउने पहिलो दिन, आउँदो दोस्रो दिन | १२० |
| ४६ | मात्र | विशेषण | | केवल, खाली, एक्लै, मात्रै | ११८ |
| ४७ | मुसुक्क | विशेषण | मुसुक्+क | आवाज ननिकाली ओठ मात्र चलाएर हाँस्ने किसिमले मिठो गरी मुस्कुराउनु | १२३ |
| ४८ | मुस्कान | नाम | मुस्काउ+आन | मन्द हँसाइ, मुस्कुराउने भाव, मुस्कुराहट | १२३ |
| ४९ | मूल्यवान् | विशेषण | मूल्य+आवन | धेरै मोल पर्ने, बहुमूल्य, दामी | १२० |
| ५० | रित्तो | विशेषण | रिक्त+ओ | भित्र केही नभएको, खाली | १२२ |
| ५१ | रुचि | नाम | | इच्छा, भोगको चाहना, सोख | ११९ |
| ५२ | लगनशील | विशेषण | लगन+शील | लगन भएको, काममा दत्तचित्त रहने | ११९ |
| ५३ | योजना | नाम | यो+जना | कुनै पनि कार्य व्यवस्थित रूपमा सञ्चालन गर्नका निम्ति पहिले नै | १२० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | निर्धारित गरिने कार्यक्रम | |
| ५४ | वाक्य | नाम | | संरचनाका दृष्टिले ध्वनि, रूप, पद, पदावली र वाक्यांश युक्त शब्द | १२० |
| ५५ | विज्ञापन | नाम | विज्ञ+आपन | सरकारी वा गैरसरकारी स्तरमा सेवा आयोग वा माध्यमले सेवा प्रवेशका निम्ति आवेदनपत्र आह्वान गर्ने सर्वसाधारण व्यक्तिलाई जानकारी हुने गरी प्रचार गरिने विशेष सूचना | १२२ |
| ५६ | विनोद | नाम | वि+नोद | मन बहलाउने काम, आनन्ददायी क्रियाकलाप, मनोरञ्जन | १२२ |
| ५७ | विशेष | विशेषण | | गुण, धर्म, परिमाण आदिमा अरूभन्दा बढ्ता वा अरूभन्दा विशिष्ट किसिमको | १२३ |
| ५८ | वेला | नाम | वेल+आ | समय, काल, बखत | १२१ |
| ५९ | शनिबार | नाम | शनि+बार | साताको अन्तिम दिन वा बार | ११९ |
| ६० | शुक्रवार | विशेषण | शुक्र+बार | हप्ताको छैटौं दिन वा शनिबारको अघिल्लो दिन | १२० |
| ६१ | श्रीमान् | विशेषण | श्री+मान् | पति, बूढा | १२१ |
| ६२ | श्रीमती | नाम | श्री+मती | पत्नी | १२१ |
| ६३ | संरचना | नाम | सम्+रचना | ज्ञान विज्ञान सम्बन्धी कुनै पनि वस्तु आदिको बनावट ढाँचा वा किसिम | ११८ |
| ६४ | संसद | नाम | सम्+सद | प्रजातान्त्रिक मुलुकहरूमा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको सर्वोच्च संस्था, व्यवस्थापिका | ११९ |
| ६५ | सङ्कट | नाम | — | कुनै आपतविपद्को स्थिति, साह्है अप्ठ्यारो अवस्था, कष्ट, कठिनाइ | १२० |
| ६६ | सुरेश | नाम | सु+रेश | देवराम, सुरेन्द्र वा कुनै व्यक्तिको नाम | १२३ |
| ६७ | स्नेह | नाम | — | आमाबुबा, अभिभावक वा मान्यजनहरूबाट आफूभन्दा साना व्यक्तिलाई गरिने प्रेम | १२३ |

कथाकार  किशोर पहाडी द्वारा लेखिएको  कथा "अबोध" मा जम्मा ९८६ ओटा शब्दहरू प्रयोग भएको छ। यसमध्ये १२९ ओटा शब्दहरू तत्सम शब्दहरू रहेका छन्।   प्रतिशतको हिसाबले १३.०८ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा भएको पाइन्छ।   अबोध कथामा आवृत्ति भएका शब्दहरूलाई तालिकामा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ:

**तालिका संख्या ७ आवृत्ति भएका शब्दहरू**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| अभिनय | २ | पनि | २ |
| उदय | १८ | भोलि | ११ |
| एक | २ | मात्र | ३ |
| कति | ४ | बुन्द्रुक | २ |
| खिन्न | २ | शनिबार | १७ |
| जुत्ता | ४ | शुक्रबार | ३ |
| दुई | ७ | विद्यालय | ३ |
| ट्वाल्ल | २ | विनोद | २ |
| पल्ट | ३ | विशेष | ३ |
| वेला | ७ | स्नेह | ३ |

"अबोध" कथामा २० ओटा तत्सम शब्दहरूको आवृत्ति भएको पाइन्छ। जसमा सबैभन्दा बढी आवृत्ति भएको उदय १८ पटक भएको छ भने सबैभन्दा कम आवृत्ति हुने शब्दहरू अभिनय , एक, खिन्न, हावा, पनि, बुन्द्रुक रविनोद शब्द २ पटक मात्र आवृत्ति भएको छ।

**स्थायी बास कथामा प्रयुक्त तत्सम शब्दहरू**

लीलबहादुर क्षेत्रीद्वारा रचित स्थायी बास एक वास्तविकतामा आधारित कथा हो । यस कथामा मनमा लागेको चिन्ता , डर, भय, सुखसयललाई जुङ्गे जम्दारपात्रद्वारा प्रस्तुत गरिएको छ । यस कथामा पुलिसबाट रिहा भएर जम्दार मेगाकान्त अध्ययनमा लडेको तर उनको मनमा चाहिँ सबैतिरबाट पायक पर्ने ठाउँमा आफ्नो स्थायी बास बसाउने रहर हुन्छ। उनी आफ्नै पुर्ख्यौली बस्ने ठाउँ छोडेर अर्कै घर बनाउने विचार गर्छन् तर त्यसमा उसका अनुसार सुविधाजनक नभएको कारण त्यस जग्गामा बस्दैनन् । जम्दार एउटा राम्रो ठाउँमा घडेरी हेरेर सानो घर बनाउने सोच राख्दछन्। एउटा झुप्रो बनाउने जुन सहरको छेउछाउ पनि देखिन्छ, टाढा पनि होइन, होहल्ला हुने ठाउँमा पनि होइन, सुनसान एकान्त ठाउँमा पनि होइन, सहर र गाउँ दुवैको आभास पाइने ठाउँमा बस्ने विचार गर्छन्। यसै बीच समय बित्दै जान्छ र उसले अहिले काम गर्दै गरेको ठाउँमा जमिन लिएर सानो झुप्रो बनाउँछन् । त्यस ठाउँको छरछिमेकी उनलाई मन पर्दैन र फेरि अर्को राम्रो जग्गा हेरेर घर सर्ने विचार गर्छन् र त्यहाँबाट उनी अर्को ठाउँमा घर बनाउँछन् । त्यसमा पनि उनलाई चिन्ता हुन्छ अब यो घरमा को बस्ने ? त्यस घरमा छोरी ज्वाइँ बस्ने निधो गर्छन् । ज्वाइँले सबै सम्पत्ति आफ्नो बनाउने चाल चलेर ससुरालाई त्यस घरबाट लखेटिदिन्छ। फेरी अर्को राम्रो ठाउँमा स्थायी बास बसाउने विचारले एउटा भाइ पर्ने सँग कुरा राख्छन्। त्यस भाइको गाउँ मा विवाहको जन्ती जाने क्रममा चार जना जन्ती देखेपछी नै त्यस ठाउँमा स्थायी बास नबसाउने विचार गर्छन् । जम्दारले आफ्नो झुप्रोमा बसेर स्थायी बासको कल्पना साकार पार्न सक्दैन । उनलाई लाग्छ स्थायी बास आफ्नो जीवन नै छैन, बास त जीवन बिताउने ठाउँ मात्र हो भन्दै कथाको विषयवस्तु प्रस्तुत गरिएको छ । यस कथामा मनमा लागेको या चाहेको कुरा कल्पनाद्वारा कहिले पुरा गर्न सकिँदैन । जीवनमा केही कुराको स्थायित्व हुँदैन। सबै कुरा क्षणिक हुन्छ। कुनै पनि कुराको स्थायित्व नहुने भएकोले जीवनमा जे छ त्यसैमा खुशी हुन

सक्नुपर्छ। कुनै पनि व्यर्थ चालचलन राख्नु नराम्रो व्यवहार हो। तनलाई चिन्तामा , जीवनलाई पिडामा, शरीरलाई भय, डरमा डोर्याउनु व्यर्थ हुन्छ भन्ने भाव यस "स्थायी बास" कथाले प्रस्तुत गर्दछ। यो कथाकार लीलबहादुर क्षेत्रीद्वारा देखाउन खोजिएको हो।

'स्थायी बास ' कथामा प्रयोग गरेका शब्दहरूलाई शब्दस्रोतको आधारमा अध्ययन गर्दा तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ। यस कथामा प्रयोग भएका तत्सम शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

**तालिका संख्या ८ स्थायी बास कथामा प्रयुक्त तत्सम शब्दहरू**

| क्र.स. | शब्द | शब्द वर्ग | बनोट प्रक्रिया | अर्थ | पृ.स . |
|---|---|---|---|---|---|
| १ | अचम्म | नाम | अचम्+म | नचिताएको कुरा, उदेकलाग्दो कुरो, छक्कपराई, आश्चर्य | १९२ |
| २ | अनुभव | नाम | अनु +भव | इन्द्रिय वा स्नायुहरुका माध्यमबाट उत्पन्न उद्दीपनको फलस्वरूप प्रकट हुने मानसिक अनुक्रिया; संवेदन | १८८ |
| ३ | अनुसार | नाम | अनु+सार | इसारा, सान, अन्सार | १८९ |
| ४ | अन्यत्र | अव्यय | - | कतै, कनै, अन्त | १९२ |
| ५ | अभाव | नाम | - | नहुनाको भाव वा स्थिति, सत्ताहीनता | १९३ |
| ६ | अभिभावक | विशेषण | अभि+भावक | पालनपोषण गर्ने, हेरविचार गर्ने, संरक्षक | १८८ |
| ७ | अलि | विशेषण | | थोरै, कम, अलिकति, अल्प, अलिक, अलिकता | १९१ |
| ८ | आकृति | विशेषण | | कुनै व्यक्तिको स्वरूप | १९० |
| ९ | अवकाश | नाम | अव+काश | विशेष काल नभएको समय, फुर्सद | १९२ |
| १० | असफल | विशेषण | अ+ सफल | सफल नभएको, कार्यसिद्धि नभएको | १८९ |
| ११ | अस्ति | विशेषण | अस्+इत | हिजो भन्दा एक दिन अगाडी, दुई दिन पहिले | १९३ |
| १२ | अस्त्र | नाम | अ्स्त्र+ | फ्याकेर प्रहार गरिने हतियार (क्षेप्यास्त्र), (भाला, बाण आदि( | १८९ |
| १३ | आकाश | नाम | आ+काश | पृथ्वी तथा ग्रहक्षत्रका बिचको मास्तिर हेर्दा खुला निलो देखिने शून्य अपार स्थान कास, सागर, आसमान, अन्तरिक्ष | १८८ |
| १४ | आभास | नाम | आभास+ | नहुने कुरा पनि भएजस्तो हुने, | १८९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मिथ्या ज्ञान, मान, झझल्को | |
| १५ | आवास | नाम | आवास+ | जिउ ओत्ने ठाउँ, घर, गृह | १८७ |
| १६ | आफन्त | नाम | आफूअन्त+ | आपस' आपस्त' | १८९ |
| १७ | इच्छा | नाम | | कुनै चिजको प्राप्ति, समृद्धि, क्षय, हास आदिबारे मनमा लाग्ने आशा, यस्तो होला कि, उस्तो होला कि भन्ने कुराको आन्तरिक कल्पना, कामना, अभिलाषा | १८९ |
| १८ | उति | नाम | उति+ | पहिलेको नाप वा भनाइ सरह उजतिउक्ति ,, त्यत्ति, जीत | १८८ |
| १९ | उत्तर | नाम | उत्तर+ | कुनै प्रश्न, शंका आदिको समाधानका निम्ति भनिने कुरो, जवाफ | |
| २० | उद्देश्य | नाम | उदेशय+ | कुनै खास कामकुरामा मात्र प्रवृत्त गराउने मनोभाव, केही भन्न वा गर्ने प्रवृत्त गराउने भावना, विचार, इच्छा, कामना | १९१ |
| २१ | उपभोग | नाम | उपभोग+ | सुख वा आनन्दको प्राप्तिका निम्ति कुनै वस्तुलाई भोग्ने वा व्यवहारमा ल्याउने काम | १८८ |
| २२ | एक | नाम | मूलशब्द | पूर्ण राशिमा सङ्ख्या क्रमका हिसाबले पहिलो सङ्ख्या, १ अङ्क | १८८ |
| २३ | एक्कासि | विशेषण | एककासि+ | अकस्मात, सहसा, एकदम, एकाएक | १९० |
| २४ | ओछ्यान | नाम | ओछ्यान+ | खाट, भुँई आदिमा वस्न वा सुत्नका लागि फैलाइने वस्तु | १८७ |
| २५ | कति | विशेषण | - | अमूर्त र मूर्त वस्तुको मात्रा; (संख्या(, परिमाण आदि बुझ्नका लागि गरिने प्रश्न | १९२ |
| २६ | कलह | नाम | कलह+ | पतिपत्नीका बीच कुनै कुरा वा विषयमा हुने भनाभन झगडा), भनाभन, बाजाबाज( | १९१ |
| २७ | कष्ट | नाम | कसट+ | कुनै अभाव वा न्यूनताका कारणले हुने नरमाइलो तथा दुःखको अनुभवदुःख ,, पीडा | १८९ |
| २८ | ग्रहण | नाम | ग्रहण+ | लिने वा समात्ने काम | १८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | चिन्ता | नाम | चिन्ता+आ्+ | पिर, सुर्ता, फिक्री, परवाह, ध्यान | १८८ |
| ३० | चियोचर्चा | नाम | - | कही कसैले के गर्दै छ भनी ढुकेर वा लुकेर हेर्ने काम चेवाचर्चा | १९१ |
| ३१ | छाप्रो | नाम | छाप+रो | खर वा परालले छाएको सानो घर | १९० |
| ३२ | नाम | विशेषण | छिमेकइक+ | छिमेकमा बसेको वा रहेको, कुलो पल्लो घर हुने, हिमको, छिमेक भएको | १९३ |
| ३३ | जग्गा | नाम | जग्ग+आ+ | कमाइ लगाउने गरिएकोजमिन, खेतीबारी, खेतीपाती | १९३ |
| ३४ | जीवन | नाम | जीवन+ | जग्गा, कमाइ लगाउने गरिएकोजमिन, खेतीबारी, खेतीपाती | १८९ |
| ३५ | झन्डै | विशेषण | | नपुग, लगभग पुगनपुग, अलिकति नपुग | १९१ |
| ३६ | झुप्रो | नाम | | चराले वा स्याउलाले छाएको सानो घर, झुपडी | १८९ |
| ३७ | झै-झगडा | नाम | झै+झगडा | नचाहिँदो, अनावस्यक, कलह, जालझेल | १८९ |
| ३८ | टुक्रा | नाम | | कुनै ठोस पदार्थको सानो भाग, अंश, ससाना कण- | १८८ |
| ३९ | टुङ्गो | नाम | टुङग+ओ+ | कुनै मुद्दा वा व्यवहारको समाप्ति, कुनै काम वा कुराको निर्णय, फैसला | १९० |
| ४० | तत्कालीन | विशेषण | तत्कालीन+ | त्यसै बेलाको, उसै समयको, अविलम्बको | १८९ |
| ४१ | तर्क | नाम | तर्क+ | कुनै कुरा कसैलाई बुझाउनका लागि गरिने युक्तिपूर्ण कुरा | १८८ |
| ४२ | तिक्त | विशेषण | तिक्त+ | स्वादको तीतो, करेला, चिराइतो, नीम आदिको स्वाद | १८९ |
| ४३ | दुःख | नाम | | शारीरिक वा मानसिक रूपमा हुने पीडा, क्लेश | १९२ |
| ४४ | दुई | नाम | | एक र तीनको बिचको अङ्कलाई जनाउने चिह्न २ को अङ्क, एक र एकको योग सङ्ख्या | १९१ |
| ४५ | दैत्य | नाम | | कश्यप ऋषिकी दिती नाउँ गरेकी पत्नीबाट जन्मिएका सन्तान, | १९० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | असुर, राक्षस | |
| ४६ | धर्ती | नाम | धरत+इ+ | पृथ्वी, धरती | १९० |
| ४७ | निकट | नाम | निकट+ | नाम, सर्वनाम, विशेषण आदिसँग विभक्ति जोडिँदा मिल्ने वा समीपको अर्थ बुझाउने एक प्रकारको अव्यय | १८९ |
| ४८ | निम्ति | नाम | निम्इ+त+ | लागि, खातिर, निमित्त | १९१ |
| ४९ | निर्जन | विशेषण | निरजन+ | कुनै प्राणीसम्म पनि नभएको, एउटा मान्छे पनि नभएको, एकान्त, सुनसान, एकलासे | १९० |
| ५० | निरीक्षण | नाम | निरइ+क्षण+, | हेरचाह, रेखदेख | १९१ |
| ५१ | नाति | नाम | | छोरा वा छोरीको छोरा | १९० |
| ५२ | नेपाली | विशेषण | नेपालई+ | नेपाल सम्बन्धी, नेपालको, नेपालमा बनेको | १९१ |
| ५३ | पक्ष | नाम | | उड्ने श्रीवजन्तुहरुको शरीरका दुवै पट्टि रहेका उड्न मदत गर्ने प्रायः भुत्लावाला अङ्ग, पखेटा | १८९ |
| ५४ | पत्नी | नाम | | विधिपूर्वक विवाह गरेर ल्याइएकी स्त्री, विवाहिता स्त्री, स्वास्नी, श्रीमती | १८९ |
| ५५ | पशु | नाम | | चार खुट्टा हुने, पुच्छरधारी जन्तु, चौपाया, अनावर | १९० |
| ५६ | परिचित | विशेषण | परिचित+ | परिचय भएको, चिनेजानेको, जानपहचान भएको | १९२ |
| ५७ | परिवार | नाम | परिवार+ | परिवार रगत, वीर्य, नाता, घर, अनुकूलता र वैवाहिक सम्बन्धले संयुक्त भएका मानिसको समूह | १९३ |
| ५८ | परिवेश | नाम | परिवेश+ | चारैतिरबाट भएको घेराई, परिवेश | |
| ५९ | परीक्षा | नाम | परीछ्या+ | योग्यता, विशेष ज्ञान, सामर्थ्य, गुण आदिको स्तर निर्णय गर्नका निम्ति लिइएको पारख गर्ने काम, जाँच, जाँचबुझ, जँचाइ। | १८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६० | परोक्ष | विशेषण | परोछ्य+ | आँखाका सामुन्ने नभएको, अप्रत्यक्ष | १८८ |
| ६१ | पाठशाला | नाम | पाठशाला+ | शिक्षा दिइने वा पढाइने घर, विद्यालय, स्कुल | १८८ |
| ६२ | पुख्यौली | नाम | पुर्खा+पुर्खा | पितापुर्खाका पालादेखि चलि आएको कुराको वर्णन, पुस्तावली | १८८ |
| ६३ | प्रतिबद्ध | विशेषण | प्रतिबद्ध+ | कुनै विचार, सिद्धान्त आदिबाट बाँधिएको वा त्यसप्रति पुरापुर निष्ठा राख्ने | १८८ |
| ६४ | प्रभु | नाम | | सबैले आदर सम्मान गर्नुपर्ने व्यक्ति, मालिक, स्वामी | १९१ |
| ६५ | प्राप्त | विशेषण | पारत्त+ | भेटेको, भेट्टाएको, जमेको, पाएको, उपलब्ध | १९३ |
| ६६ | प्रयत्न | नाम | परयत्न+ | कुनै काम वा उद्देश्य पूरा गर्नका निमित्त गरिने कार्य, चेष्टा, उन्नति, प्रयास, कोसिस | १९२ |
| ६७ | फलफूल | नाम | फलफूल+ | फूल र फलहरू (को समुदाय) | १८९ |
| ६८ | फराकिलो | विशेषण | फराकइलो+ | धेरै फराकिलो भएको, चारैतिर फैलिएको, विस्तृत | १९० |
| ६९ | बहिष्कार | नाम | | कसैलाई जाति, वर्ग, समाज, संस्था आदिबाट हटाइने वा बाहिर निकाल्ने काम | १९१ |
| ७० | ब्रह्मा | नाम | | पुराणअनुसार ब्रह्माका तीन सगुण रूपमध्ये संसारको सृष्टि गर्ने भनी मानिएको मुख्य रूप, ब्रह्मा, विष्णु, महेश्वर त्रिदेवमध्ये एक सृष्टिकर्ता, मुख्य देवता, प्रजापति | १८९ |
| ७१ | भत्ता | नाम | | तलब बाहेक यात्रा, महँगी, अभाव वा अन्य कुनै अतिरिक्त खर्च वा अवस्थाका निम्ति कर्मचारीहरूलाई दैनिक, मासिक वा सामयिक रूपमा दिइने निश्चित रकम | १९० |
| ७२ | भविष्य | नाम | | वर्तमान समयभन्दा पछि आउने समय, आउँदो समय | १९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७३ | भित्र | विशेषण | | घर, पर्खाल, घेरा, बार, परिधि आदिको मध्य भागमा, अन्तर खण्डमा, भित्रपट्टि, बाहिरको उल्टोतिर | १९० |
| ७४ | भुक्तमान | नाम | भुक्त+मान | ज्यादै ठूलो कष्ट, सास्ती, हैरानी | १९० |
| ७५ | भेटी | नाम | | देवदेवी वा पूज्य व्यक्तिलाई आदरपूर्वक चढाउने नगद तथा सुनचाँदी- | १८९ |
| ७६ | भेदभाव | नाम | भेदभाव+ | प्रायः समान मानिएका व्यक्ति वा वस्तुहरूका बीच गरिने वा सम्झने भेद, भिन्नता, विचार, पक्षपात गर्ने भाव | १९२ |
| ७७ | भ्रान्ति | नाम | | कुनै कुरो देख्दा वा सुन्दा त्यस्तै अर्को कुराको भान हुने अवस्था, कुनै कुराको आभास | १९१ |
| ७८ | भोलि | विशेषण | भओ+ल+ई+ | आजभन्दा पछि आउनेपहिलो दिन, दिउँसो दोस्रो दिन, आउने दिन, अर्को दिन | १९२ |
| ७९ | मनसाय | नाम | मनसाय+ | अभिप्राय, मन्सा | १९० |
| ८० | मरण | नाम | | मर्ने काम वा भाव, मृत्यु, देहान्त, निधन | १८९ |
| ८१ | महाविद्यालय | नाम | महाविद्यालय+ | माध्यमिक शिक्षाका तह पार गरेपछि उच्च शिक्षा दिने विद्यालय, क्याम्पस, कलेज | १८८ |
| ८२ | मान्छे | नाम | मान्+छे | मानिस, मनुष्य | १८९ |
| ८३ | मृत्यु | नाम | | देहावसान, निधन, मरण | १८९ |
| ८४ | यति | नाम | | सन्यास धारण गरेको योगी, सन्न्यासी | १९० |
| ८५ | यत्रो | विशेषण | योत्रो+ | यस परिमाण भरिको, जत्रो | १९० |
| ८६ | योग्य | विशेषण | योग्य्+ | काम सफलतापूर्वक गर्ने शक्ति, सिप, गुण आदि भएको, लायक, जान्ने, सिपालु | १९१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८७ | योजना | नाम | आयोजना+ | कुनै पनि कार्य व्यवस्थित रूपमा सञ्चालित गर्नका निम्ति पहिले नै निर्धारित गरिने कार्यक्रम वा रूपरेखा, काम सिद्ध गर्न चाहिने साधन, उपाय, व्यवस्था आदिको पूर्वनिश्चित तयारी | १९० |
| ८८ | राम्रो | विशेषण | रामओ+ | देख्दा मन पर्ने, सुन्दर, रमणीय | १९२ |
| ८९ | वरदान | नाम | वरदान+ | देवता वा गुरुजन आदिले प्रसन्न भएर अभीष्ट सिद्धिका निम्ति दिने आशिर्वाद, इच्छित वस्तुको प्राप्ति, वर | १८९ |
| ९० | वर्ष | नाम | वरष+ | दुई अयन, छ ऋतु र बाह्र महिना हुने कालको एक प्रसिद्ध मान, संवत्सर, साल | १८७ |
| ९१ | वायु | नाम | | पृथ्वीको चारैतिर ढाकेर रहेको आँखाले नदेखिने भए पनि स्पर्शगुण भएको, प्राणीमात्रले सास फेर्न मिल्ने एक तत्त्व, पञ्चतत्व मध्ये एक, हावा | १९३ |
| ९२ | वार्धक्य | नाम | वार्धक्‌य+ | वृद्ध हुनाको भाव वा स्थिति, वृद्धावस्था ,बुढ्याइ ,बुढ्यौली | १९३ |
| ९३ | विचार | नाम | विचार+ | कुनै समस्या, विषय वा स्थितिबारे गहिरिएर सोच्ने क्रम, मनमनै, मनमा गरिने चिन्तन | १८९ |
| ९४ | विद्यालय | नाम | विधालय+ | पढ्ने र पढाउने ठाउँ, पाठशाला, स्कुल | १८८ |
| ९५ | विगत | विशेषण | | बितेको, गएको, अतीत | १८८ |
| ९६ | विभाजन | विशेषण | विभाजन+ | बाँड्ने काम, भाग लाग्ने काम, बाँडचुँड | १९२ |
| ९७ | विषय | नाम | विषय+ | कुनै शब्द अथवा शब्दांश समान वर्णहरूमध्ये उस्तै उच्चारण हुन पुग्ने, भाषावैज्ञानिक अध्ययन, ज्ञानेन्द्रियले ग्रहण गरिने पदार्थ | १९२ |
| ९८ | विवाद | नाम | | कुनै विषय, समस्या वा कुरालाई लिएर गरिने छलफल, बहस . | १८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वादविवाद | |
| ९९ | वेला | नाम | | समय, काल, बखत | १९१ |
| १०० | व्यक्ति | नाम | | मानिस | १९२ |
| १०१ | व्यर्थ | विशेषण | व्यर्थ+ | कुनै अर्थ नभएको, विनाअर्थको, निरर्थक | १९३ |
| १०२ | व्यवस्था | नाम | | मर्मत गर्नुपर्ने हो भने ठिक त्यस्तै अवस्थामा राख्ने, राम्रो हालत, इन्तजाम, प्रबन्ध | १८८ |
| १०३ | व्यायाम | नाम | व्यआ+याम+ | शरीरलाई स्वस्थ तथा तन्दुरुस्त बनाउन गरिने कसरत | १९० |
| १०४ | शमशेर | नाम | | शमशेर | १८७ |
| १०५ | शस्त्र | नाम | | हातमा लिएर नै काट्ने मार्ने आदि काममा आउने हतियार | १८९ |
| १०६ | शस्त्रधारी | विशेषण | शस्त्र+धारी | हतियार लिएर हिँड्ने, शस्त्र लिएको | १८९ |
| १०७ | शान्त | | शा+न्त | कुनै प्रकारको रिस, राग, क्रोध, दुःख आदि मनोविकार नभएको, शिष्ट, सौम्य, शान्त र विनम्र | १८९ |
| १०८ | शान्ति | | शान्त+ई+ | सुखदुःख, हर्षविस्मात, रिस द्वेष आदि मनोभावना नभएको मानसिक स्थिति, शान्त वा स्थिर अवस्था | १८८ |
| १०९ | शिक्षा | नाम | शिक्+छया | विद्यालय, महाविद्यालय आदिमा र घरमा पनि नियमित रूपले अध्ययन गर्ने गराउने वा पढाइको/ चाँजोपाँजो मिलाउने काम, ज्ञान दिने वा लिने काम, विद्या | १८८ |
| ११० | श्रीमान् | विशेषण | श्री+मान् | शोभा वा ऐश्वर्यले युक्त भएको, सौभाग्यशाली | १९० |
| १११ | सन्तति | नाम | | सन्तान, छोराछोरी, नातिनातिना आदि | १८८ |
| ११२ | समय | नाम | | घडी, पला, दिनरात, बिहान, बेलुकी, गते, तिथि, वार, साता, पख, महिना, ऋतु, अयन, यसै | १८९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | दशक, शताब्दी, आदि नामले बुझिने वा दिनको परिणतिमा नाप्ने वा गणना गर्ने अवस्था | |
| ११३ | सम्मान | नाम | सम्‌मान+ | विशेष मान; ठूलो आदर वा सत्कार | ११० |
| ११४ | सरकार | नाम | सकार+ | देश वा राज्यको शासकमण्डल, राज्यसंस्था, शासनसत्ता, शासन व्यवस्था | १९० |
| ११५ | समस्या | नाम | | समाधान गर्न गाह्रो पर्ने वा कुनै उपायबाट पनि समाधान निकाल्न कठिन हुने कुरो, जटिल अवस्था | १९० |
| ११६ | साकार | विशेषण | स,आ+कार | विशेषण, आकार वा स्वरूप भएको; आँखाले देखिने, मूर्त | १९३ |
| ११७ | सामर्थ्य | नाम | | समर्थ हुनाको भाव, गुण वा अवस्था, क्षमता | १९८ |
| ११८ | सुरक्षा | नाम | सुरछ्या+ | राम्रो बचाउ, समुचित रक्षा | १९२ |
| ११९ | सुबिस्ता | नाम | | अनुकूल र उपयुक्त अवसरको स्थिति, सुविधा, सुगमता | १८७ |
| १२० | सेवा | नाम | | शारीरिक, मानसिक, वाचिक आदि सबै पक्षले गरिने देवदेवी आदिको आराधना, उपाय वा अर्चना | १९९ |
| १२१ | स्थायी | नाम | | पछिसम्म वा नियमले तोकेको समयसम्म रहिरहने, अस्थायी गुण नभएको, दिगो | १९२ |
| १२२ | स्थिति | नाम | | स्थिर रहने काम, स्थायी रहने काम | १९३ |
| १२३ | स्मृतिपट | नाम | स्मृति+पट | अमर सहिदहरू मारिएको ठाउँमा सम्झनाका निम्ति तिनका वीरताको गुण र विवरण लेखिएको शिला स्तम्भ, अभिलेख | १९० |
| १२४ | स्वच्छ | विशेषण | | कुनै प्रकारको फोहोरमैला वा दूषित तत्व नभएको, निर्मल, सफा | १८८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२५ | स्वागत | नाम | स्व+आगत | अतिथि, मान्यजन वा प्रिय व्यक्ति आउँदा अगाडि लम्केर गरिने अभिनन्दन | १८८ |
| १२६ | स्वास्थ्य | नाम | | स्वस्थ वा निरोगी रहनाको भाव, गुण वा अवस्था, तन्दुरुस्ती, आरामी, आरोग्य | १८९ |
| १२७ | हरिण्यकशिपु | नाम | हरिण्य+कशिपु | कश्यप प्रजापतिका छोरा, पुराण प्रसिद्ध, दैत्यराज | १८९ |
| १२८ | हाम्रो | विशेषण | हामी+रो | हामीहरूको, मेरो शब्दको बहुवचन | १८९ |
| १२९ | होहल्ला | नाम | हल्ला+हल्ला | भएन नभएका  काम कुरा थाँती राखेर व्यापक हल्ला खल्ली, खलबली | १९० |
| १३० | क्षणिक | विशेषण | क्षण+ईक | एकै छिन मात्र रहने वा हुने; क्षणभङ्गुर, अनित्य, अस्थिर | १९३ |
| १३१ | केवल | अव्यय | | खाली, व्यर्थ मात्र | १९३ |
| १३२ | क्रम | नाम | कर्+म | बीचमा नरोकिई चल्दै आउने प्रक्रिया, सिलसिला, मेलो | १९२ |
| १३३ | चक्कर | नाम | | घेरो मार्ने काम, घुमाइ, पुरो, परिक्रमा | १९० |
| १३४ | चोटि | विशेषण | | खेप, पल्ट, पटक, गाज, पालि, ताल | १९१ |
| १३५ | जन्ती | नाम | | बिवाहमा  वरपक्ष  तिर बाट दुलही लिन जाने दुलाहा तर्फका निम्तालुहरू, दुलाहाका साथसाथै अघिपछि लागी जन्त जाने व्यक्ती | १९१ |
| १३६ | ठेक्का | नाम | | जग्गा कमाए बापत बर्षेनी मोहीले धनसाहूलाई बुझाउनुपर्ने अन्न, गहुँ वा कुनै कुरा | १९० |
| १३७ | नदी | नाम | | कुनै पर्वत, ताल आदिबाट निस्केर निश्चित स्थानमा बग्दै अन्य नदीनालासँग मिसिएर वा एक्लै समुद्रमा मिसिने जल प्रवाह | १९२ |
| १३८ | नोकरी | नाम | | तलब लिएर गरिने काम, जागिर | १९० |
| १३९ | पनि | विशेषण | | सहित, लगायत | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४० | रोगाक्रान्त | विशेषण | | रोगबाट पीडित | १८९ |

लीलबहादुर क्षेत्रीद्वारा रचित "स्थायी बास" कथामा जम्मा १३८६ शब्दहरु प्रयोग भएको छ , जसमध्ये २६२ वटा तत्सम शब्दहरु प्रयोग भएका छन्। प्रतिशतको आधारमा १९.०४ प्रतिशत तत्सम शब्दहरु "स्थायी बास" कथामा प्रयोग भएको पाइएको छ। "स्थायी बास" कथामा प्रयोग भएका शब्दहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.९ आवृत्ती भएका शब्दहरू**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| अवकाश | ५ | झुप्रो | ६ |
| आफन्त | ३ | दुवै | ३ |
| आवास | ३ | दुई | ५ |
| एक | ९ | निम्ति | २ |
| कष्ट | २ | निम्तो | ४ |
| केवल | २ | पुख्यौली | २ |
| ग्रहण | २ | टुक्रा | ३ |
| चिन्ता | २ | भित्र | ३ |
| छिट्टै | २ | पल्ट | २ |
| छिमेकी | ४ | यत्रो | ३ |
| जग्गा | ४ | राम्रो | ९ |
| जन्ती | २ | विचार | १३ |
| जिम्मा | २ | विद्यालय | ३ |
| जीवन | ७ | वेला | ४ |
| वर्ष | ६ | रोगाक्रान्त | २ |
| सुरक्षा | २ | समय | २ |
| सेवा | २ | स्थायी | १५ |
| सफल | २ | स्वच्छ | २ |
| परिवेश | २ | पनि | १८ |
| प्राप्त | २ | नदी | ५ |
| शिक्षा | २ | परिवार | २ |
| यति | २ | व्यर्थ | २ |

"स्थायी बास" कथामा ४४ ओटा तत्सम शब्दहरूको आवृत्ति भएको छ। त्यसमध्ये पनि १८ पटक आवृत्ति भएको छ भने स्थायी शब्द १५ पटक र विचार शब्द १३ पटक आवृत्ति भएसँगै धेरै पटक पनि

स्थायी र विचार शब्दको आवृत्ति भएको पाइन्छ। सबैभन्दा कम आवृत्ति भएको शब्द कष्ट , केवल, ग्रहण, चिन्ता, छिट्टै, जन्ती, जिम्मा, निम्ति, पुख्यौली, पल्ट, सुरक्षा, सेवा, सफल, परिवेश, प्राप्त, शिक्षा, यति, परिवार, व्यथा समय र स्वच्छ रोगक्रान्त शब्दहरू २ पटक मात्र आवृत्ति भएको पाइन्छ।

**छलफल / व्याख्या**

कक्षा सातको नेपाली पाठ्यपुस्तकमा रहेका ४ ओटा कथामा भएका तत्सम शब्दहरूको अध्ययन गर्दा विभिन्न कथामा विभिन्न किसिमको तत्सम शब्दको प्रयोग प्रसङ्ग अनुसार सान्दर्भिक र उचित भएको पाइयो। ती कथाहरूमा तत्सम शब्दहरूको प्रयोगको अवस्था समय सन्दर्भ अनुसार उचित रहेको पाइन्छ। उपयुक्त पाठ्यपुस्तकमा रहेका चार ओटा कथाहरूमध्ये पहिलो "तितो बोली सच्चा गुण" कथामा जम्मा ९२९ ओटा शब्दहरुको प्रयोग गरिएको पाइयो। त्यसमध्ये तत्सम शब्द १३२ ओटा प्रयोग भएको पाइन्छ। प्रतिशतको आधारमा १४.२० प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइन्छ। तत्सम शब्दको दृष्टिकोणले कथाको अध्ययन गर्दा समय , परिवेश र कथाको विषयवस्तु हेर्दा उपयुक्त रूपमा तत्सम शब्दको प्रयोग भएको देखिन्छ। विद्यार्थीहरूको स्तर, तह अनुसार उचित देखिन्छ।

"परिकल्पना" हरि खनालद्वारा रचित एक दन्त्य कथा हो। यस कथामा जम्मा ७९३ ओटा शब्दहरू रहेका पाइन्छ। जसमा १७२ ओटा तत्सम शब्दहरू रहेको पाइन्छ । प्रतिशतको हिसाबले २१.६८ प्रतिशत तत्सम शब्द भएको पाइन्छ । यो कथा दन्त्य कथा भएकाले कल्पनालाई बढी परिवेशलाई आधार बनाएको छ। त्यसैले जम्मा शब्द आधारमा तत्सम शब्दको प्रतिशत अलि बढी भएको पाइन्छ। यस कथामा तह अनुसार तत्सम शब्दको प्रयोग उपयुक्त देखिन्छ। चार ओटा कथाहरूमध्ये सबैभन्दा बढी तत्सम शब्दको प्रयोग परिकल्पना कथामा भएको पाइयो ।

"अबोध" कथामा जम्मा ९८६ ओटा शब्दहरुको प्रयोग भएको पाइन्छ। जसमा १२९ ओटा तत्सम शब्दको प्रयोग भएको पाइन्छ। प्रतिशतको हिसाबले १३.०८ प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइन्छ । तत्सम शब्दको दृष्टिकोणले हेर्दा कथाको अध्ययन गर्दा विद्यार्थीहरूको स्तर अनुसार उचित देखिन्छ । "तितो बोली" भन्दा "अबोध" कथामा तत्सम शब्दको प्रयोग केही मात्रामा बढी भएको पाइन्छ ।

"स्थायी बास" कथामा जम्मा १३७६ ओटा शब्दहरुको प्रयोग गरिएको पाइन्छ । त्यसमा २६२ ओटा तत्सम शब्दहरू रहेका छन् । प्रतिशतको हिसाबले हेर्दा १९.०४ प्रतिशत तत्सम शब्द भएको पाइन्छ । चार ओटा कथामा दोस्रो धेरै तत्सम शब्दको प्रयोग भएको "स्थायी बास" रहेको पाइन्छ । कथाकारले विषयवस्तु र विद्यार्थीको स्तर अनुसार तत्सम शब्दको प्रयोग गरेको पाइयो ।

यसरी कक्षा सातको नेपाली पाठ्यपुस्तकमा रहेको कथा विधामा राखिएको ४ वटा कथाहरूमा जम्मा ४०८४ ओटा शब्दहरु प्रयोग भएको पाइन्छ । जसमा ६५९ ओटा तत्सम शब्द रहेका पाइन्छ भने प्रतिशतको हिसाबले हेर्दा १७.०१ प्रतिशत तत्सम शब्दको प्रयोग भएको पाइन्छ । ती चार ओटा कथालाई अध्ययन गर्दा सबैभन्दा बढी तत्सम शब्द "स्थायी बास" कथामा भएको पाइन्छ भने सबैभन्दा कम तत्सम शब्दको प्रयोग "तितो बोली सच्चा गुण" कथामा भएको पाइन्छ । उक्त कथाहरू कक्षा सातको तहको लागि आवश्यकता अनुरूप स्तर अनुरूप साथै चाहना अनुरूप आगन्तुक शब्दहरु धेरै आइरहेका छन् । यसैले गर्दा विद्यार्थीहरूले मूल नेपाली शब्द (तत्सम) जान्न अति नै आवश्यक भएको

हुँदा कक्षा सातको लागि  कथा  वि धामा प्रयोग भएको तत्सम शब्दहरू समग्रमा स्तर अनुसार उपयुक्त रहेको पाइन्छ।

## अध्याय पाँच: निष्कर्ष, उपयोगिता र सुझाव

### निष्कर्ष

संस्कृत भाषाको  'भाष'  धातुमा  'अ'  प्रत्यय लागेर बनेको भाषा विचार विनिमयको प्रमुख माध्यम हो। संस्कृत भाषा नेपाली भाषाको जननी भाषा हो। नेपाली भाषा संस्कृत भाषाबाट अपभ्रंश हुँदै विकसित भएको हो।  नेपाली भाषा साहित्यमा संस्कृत भाषाबाट तत्सम शब्दहरू धेरै रहेका छन्।  नेपाली पाठ्यपुस्तकको कक्षा सातमा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययन मेरो एक महत्त्वपूर्ण र गहन कार्य हो। तत्सम शब्दको अध्ययनले शिक्षकको शब्दभण्डार बढ्नुको साथै अध्यापन क्रममा सहज र सरल समेत हुन्छ। कक्षामा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययनबाट विद्यार्थीहरूमा वक्तृत्व क्षमता , लेखन सिप,  भाषिक कौशलता साथै शब्दभण्डारको वृद्धिमा सहयोग पुग्ने देखिन्छ।संस्कृत भाषा प्रति उदासिनताका ह्रास भइरहेको नेपाली भाषाको स्तर वृद्धिका लागि तत्सम शब्दको प्रयोग तथा अध्ययनको सम्बन्धित सबैमा सहयोग पुग्ने देखिन्छ। नेपाली भाषामा आगन्तुक शब्द बढ्दै गए पनि संस्कृत भाषाबाट आएको तत्सम शब्दहरूको महत्व र स्थान छुट्टै रहेको छ। संस्कृतबाट रूप नफेरिकन जस्ताको तस्तै

नेपाली भाषामा प्रयोग हुन आएका तत्सम शब्दहरूले साहित्यमा महत्त्वपूर्ण स्थान ओगटेको छ। यी शब्दहरूको प्रयोग समय, स्तर र परिवेश अनुसार उचित रहेको पाइन्छ।

- उक्त सानो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ:-
- शोधपत्रको सुरुमा भाषा , शब्द, शब्दवर्गीकरण, बनोट प्रक्रिया , अर्थ र पृष्ठ आदिलाई प्रस्तुत गरिएको,
- संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरी नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको,
- शब्दलाई शब्द, वर्ग, बनोट प्रक्रियाका आधारमा वर्गीकरण गरिएको,
- तत्सम शब्दको अर्थ प्रष्ट पारिएको,
- तत्सम शब्दहरूलाई शब्दवर्ग , बनोट प्रक्रिया , अर्थ र पृष्ठ सङ्ख्या समेत उल्लेख गर्दै वर्णानुक्रममा राखिएको,
- कुन पाठमा जम्मा कति शब्द रहेकोत्यसमध्ये कति तत्सम शब्द रहेकोतत्सम शब्दको प्रयोगको प्रतिशत कति रहेको र कुनपाठमा कुन कुन तत्सम शब्दहरू कति पटक आवृत्ति भएको छ भन्ने कुरा तालिका सहित प्रष्ट पारिएको,
- तत्सम शब्दहरूको वर्ग अन्तराल, नाम, विशेषण र क्रिया आदिको आधारमा छुट्याइएको,
- तत्सम शब्दहरूको व्युत्पादन हुने शब्दहरूको व्युत्पत्ति प्रक्रिया देखाइएको छ र नहुने मूल शब्दलाई जस्ताको तस्तै राखिएको,
- शब्द प्रयोगको दृष्टिले सबैभन्दा बढी शब्दहरूको प्रयोग 'स्थायी बास' (१३७६) कथामा रहेको र सबैभन्दा कम शब्दहरूको प्रयोग 'परिकल्पना' (७९३)कथामा रहेको,
- तत्सम शब्दको प्रयोगका दृष्टिले सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा 'स्थायी बास' (२६२) रहेको र सबैभन्दा थोरै तत्सम शब्दको प्रयोग भएको कथा "अबोध" (१२९) रहेको,

- प्रतिशतको हिसाबले सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएको कथा "परिकल्पना" २१.६८%रहेको छ , र सबैभन्दा कम तत्सम शब्दहरूको प्रयोग भएको कथा "अबोध" १३.०८%रहेको,

**उपयोगिता**

कक्षा सातको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको अध्ययनले विद्यार्थीहरूमा शब्दभण्डारको अवस्था पत्ता लगाउन सहयोग पुर्या‌ाउनेछ। साथै, तत्सम शब्दहरूको प्रयोग स्तर , तिनीहरूको अर्थ, पदवर्ग, र स्रोत यकिन गर्न पनि मद्दत पुर्याथउने भएकाले यस अध्ययनको विशेष महत्त्व र उपयोगिता रहेको छ। हरेक वस्तु तथा विषयको आ-आफ्नै उपयोगिता रहने भएझैँ , यस अध्ययनले विद्यार्थीहरूलाई नयाँ शब्दहरूसँग परिचित गराउनुका अतिरिक्त तत्सम शब्द तथा संस्कृत भाषाको सम्बन्धमा अध्ययन गर्न इच्छुक संस्था , प्रतिष्ठान वा व्यक्तिलाई कुनै न कुनै अवस्थामा फाइदा पुग्ने देखिन्छ। यस अध्ययनको उपयोगिता रहेको प्रष्ट छ। साथै, यस शीर्षकसँग सम्बन्धित रहेर अध्ययन गर्ने भावी अध्ययनकर्तालाई सहयोग पुग्ने देखिन्छ।

**सुझाव**

कक्षा सातको नेपाली पाठ्यपुस्तकमा रहेको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन र विश्लेषणबाट निकालिएको निष्कर्षको आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ। जुन विधा नेपाली पाठ्यपुस्तकमा रहेको छ।प्रस्तुत कथाहरूमा कुनै कथामा कम तत्सम शब्दको प्रयोग भएको पाइन्छ।सबै विधामा समान रूपले तत्सम शब्दहरूको प्रयोग भएको कथाहरू समावेश गरिनु उपयुक्त हुन्छ। शब्द प्रयोगको आधारमा कुन कथामा शब्दहरुको छनोट गर्दा कम अभ्यास वा तत्सम शब्दको प्रयोग बढी प्रतिशतमा बढी पाइन्छ भने कुनै कथामा शब्दहरु बढी भएर पनि तत्सम शब्दको प्रयोग प्रतिशत कम पाइन्छ। कुन कथामा कति शब्द प्रयोग भएको छ त्यसैले अनुरुप समान रुपमा तत्सम शब्दहरुको प्रयोग गरिनु उचित हुन्छ।

बारम्बार आइरहने शब्दहरू चाहिँ प्रायः सजिला खालका भएको हुनाले विद्यार्थीहरूलाई अध्ययनमा सहजता हुन्छतर अप्ठ्यारा शब्दहरूको आवृत्ति भएमा विद्यार्थीहरूलाई अध्ययनमा कठिनाइ हुन्छ। कक्षा सातको नेपाली पाठ्यपुस्तकमा विद्यार्थीहरूले नयाँ शब्द प्रयोगमा ध्यान दिई तत्सम , तद्भव र आगन्तुक सबै किसिमका शब्दहरूलाई समानुपातिक मेल गरेको छ कि छैन चुनौती दिनुपर्दछ। उपयुक्त कक्षामा प्रायः सजिलो तत्सम शब्दको मात्र आवृत्ति भएको हुनाले अब विद्यार्थीहरूको अध्ययन शैली बढाउन अप्ठ्यारा तत्सम शब्दको आवृत्ति हुनुपर्ने देखिन्छ।

**भावी अनुसन्धानका लागि शिर्षकहरू**

तत्सम शब्द सम्बन्धी अध्ययनका लागि धेरै शीर्षकहरू हुन सक्छन्। ती मध्ये केही शीर्षकहरूलाई निम्नानुसार उल्लेख गरिन्छ:

- कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन.
- कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन.

- कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन.

## सन्दर्भसूची


अधिकारी हैमाङ्गराज (२०४९), ***समसामयिक नेपाली व्याकरण:*** कुञ्जन प्रकाशन काठमाण्डौ ।

दाहाल, शान्ता (२०६७) , ***कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तक स्तरको निबन्ध विद्यामा प्रयुक्त तत्सम शब्दको अध्ययन*** , (अप्रकाशित स्नातकोत्तर शोधपत्र) , जनता बहुमुखी क्याम्पस इटहरी सुनसरी ।

नेम्बाङ देवीमाया ( 2२०७१),***कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस इटहरी ।

पौडेल उमिता (२०७५) ***कक्षा ९ को नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन*** ***,***जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

बरान, राधिका (२०७४) , बि***.एड. प्रथम वर्षको ऐच्छिक नेपाली अन्तर्गत कथा विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन*** (अप्रकाशित स्नातकोत्तरशोधपत्र) जनता बहुमुखी क्याम्पस , इटहरी , सुनसरी ।

भट्टराई, डा. श्याम प्रसाद (२०८० ***) ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा*** , जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ्ग हाउस प्रा.लि. काठमाडौं ।

भूसाल डा. केशव (२००८) ***भाषाविज्ञान***:सनबाइट पब्लिकेशन काठमाण्डौं।

शर्मा शिवराज (१९६८), ***माध्यमिक नेपाली व्याकरण र रचना जनपक्ष***: गान्तोक, सिक्किम ।

चौधरी, सम्झना (२०८०) , ***कक्षा ८ को नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन*** , (अप्रकाशित स्नातकोत्तर शोधपत्र) जनता बहुमुखी क्याम्पस इटहरी , सुनसरी ।

नेपाल, प्रज्ञा प्रतिष्ठान (२०४०) ***नेपाली बृहत शब्दकोश प्रथम संस्करण*** : प्रज्ञा छापाखाना काठमाडौ नेपाल ।

डाँगी पूर्णकुमारी (२०७४) , ***कक्षा १० को वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्तआगन्तुक शब्दहरूको अध्ययन*** , जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।